# प्रभाव दैनिक

National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १०२ | काठमाडौं | आइतबार, १८ साउन २०८२ | Prabhab National Daily | Sunday, 03 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## शंका र आवेगले अपराध

- कैलालीमा प्रेम सम्बन्धमा शंकाले किशोरी याचना सेजुवालको हत्या
- सम्बन्धमा शंकापछि पाँचथरमा श्रीमती अनु राईको हत्या
- तनावले मकवानपुरमा पक्षघातले थलिएकी श्रीमतीको हत्या



प्रतीकात्मक तस्बिर

■ प्रभाव संवाददाता

**काठमाडौं–** १७ वर्षीया किशोरी याचना सेजुवाल शनिबार राजधानी सेकुवा एण्ड मःमः सेण्टरमा गम्भीर अवस्थामा फेला परिन् । उनको घाँटीमा चक्कु प्रहार भएको थियो । उपचारको क्रममा उनको धनगढीको निसर्ग हस्पिटलमा मृत्यु भयो ।

घटना भएको राजधानी सेकुवा एण्ड मःमः सेण्टर कैलालीको बर्दगोरिया गाउँपालिका-१ मा छ । मृतक सेजुवालको घर सोही गाउँपालिकाको वडा नम्बर ३ हो ।

कैलालीका प्रहरी प्रवक्ता राजकुमार सिंहका अनुसार घटना घटाएको आरोपमा प्रेमी ३३ वर्षीय निरज साउदलाई प्रहरीले नियन्त्रणमा लिएको छ । सोधपुछका क्रममा उनले आफूसँग प्रेममा रहेर पनि सेजुवालले अन्य केटासँग बोल्दा विवाद भएको र आवेसमा आएर चक्कु प्रहार गरेको बताएको सिंहले जानकारी दिए ।

प्रारम्भिक अनुसन्धानका क्रममा उनीहरूबीच दुई साताअघिमात्रै भेटघाट भएको र प्रेम सम्बन्ध कायम भएको थियो । तर, अन्य केटासँग बोल्दा प्रेममा धोका हुने शंकाले निरजले हत्या गरेको देखिएको सिंह बताउँछन् ।

> हत्या घटना कुनै न कुनै कारणले हुन्छ, तर पछिल्ला केही हत्या घटनालाई हेर्दा प्रेम जोडीबीच शंका हुनु र त्यसले झगडा निम्त्याएको र घटना भएको देखाउँछ । केहीमा आवेसले पनि घटना भएको देखियो ।
>
> ■ **विनोद घिमिरे**
> प्रहरी प्रवक्ता, नेपाल प्रहरी

उता पाँचथरको फिदिम नगरपालिका वडा नम्बर १ नाम्दुमा शुक्रबार राति २७ वर्षे महेन्द्र तामाङले २२ वर्षीया श्रीमती अनु राईको कोदालो प्रहार गरी हत्या गरे । पाँचथरका प्रहरी प्रवक्ता रूपेश तामाङका अनुसार अन्य केटासँग बोलेको शंका गरेपछि दुईबीच शुक्रबार राति झगडा भएको र त्यहीबेला महेन्द्रले ज्यानै लिनेगरी कोदालाले टाउकोमा प्रहार गरेको पाइएको खुलेको छ ।

जिल्लाको फालेलुङ-७ घर भएका महेन्द्र केही वर्षयता नाम्दुस्थित ससुराली घरमै बस्थे । उनी अघिल्लो साता मात्रै विदेश जाने भन्दै काठमाडौं पुगेका थिए । तर, श्रीमती अनु अरु केटाहरूसँग बोल्ने गरेको भन्दै सुटुक्क घर फर्केको र घटना भएको पाइएको पाँचथर प्रहरी प्रवक्ता तामाङले बताए ।

उनले भने, 'घटनापछि आरोपी महेन्द्र तामाङ फरार थिए । उनलाई सोही वडाको गोले गाउँबाट नियन्त्रणमा लिएका छौं र सोधपुछ गर्दा केटाहरूसँग बोलेको हत्या गरेको भनेका छन् ।'

क्रमशः पृष्ठ २ मा

## दलका नेतृत्वसँग संघर्ष

- माओवादी केन्द्रमा अध्यक्ष पुष्पकमल दाहाललाई उपमहासचिव जनार्दन शर्मापक्षको चुनौती, सचिव राम कार्कीले पनि उठाए नेतृत्व परिवर्तनको एजेण्डा
- एकीकृत समाजवादीमा अध्यक्ष माधव नेपाल र सम्मानित नेता झलनाथ खनालबीचको टसल उत्कर्षमा
- राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री धवलशमशेर जबरापक्षबीच पानी बाराबारको स्थिति
- कांग्रेसमा सभापति शेरबहादुर देउवाविरूद्ध शेखर कोइरलापक्ष सक्रिय
- एमाले अध्यक्ष ओलीलाई पूर्वराष्ट्रपति विद्या भण्डारीको चुनौती, पार्टी सदस्यता नवीकरणबाटै भण्डारीको चुनौती रोक्दै ओली
- विरोधी समूहमाथि धमाधम कारबाही चलाउँदै दलका नेतृत्व



■ जेबी योञ्जन

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रको स्थायी समिति बैठकमा सचिव राम कार्कीले पार्टी नेतृत्व परिवर्तनको प्रस्ताव गरेका छन् । उनको प्रस्तावमा हरेक नौ महिनामा नेतृत्व परिवर्तन गर्नुपर्ने भनिएको छ ।

नेतृत्व परिवर्तनको यो प्रस्ताव पार्टीमा अध्यक्ष पुष्पकमल दाहालको विकल्प खोज्नेमात्रै होइन, झण्डै साढे तीन दशकदेखि अविच्छिन्न उनको नेतृत्वमा क्रमभंगताको सवाल पनि हो । पार्टीमा उपमहासचिव जनार्दन शर्मा र उनले नेतृत्व गरेको एउटा समूह माओवादी अध्यक्षमा दाहालको विस्थापन खोजिरहेको छ । यो समूहमा सचिव कार्की पनि मिसिएका छन् । उनै कार्कीले शनिबार स्थायी समिति बैठकमा पार्टी नेतृत्व हरेक नौ महिनामा फेर्नुपर्ने नयाँ प्रस्ताव गरेका हुन् ।

बैठकमा सहभागी एक नेताले प्रभावसँग भने, 'शान्ति प्रक्रियामा आएपछि हामी ओरालो लाग्यौं, यसमा नेतृत्वको हिसाबले अध्यक्ष कमरेडले पनि आत्मालोचना गर्न जरुरी छ र अबदेखि नेतृत्वमा नौ-नौ महिनाको रोटेसन बनाऔं ।'



> हरेकजसो पार्टीमा विरोधी सफायाजस्तो अभियान नेतृत्वबाट चलाइएको छ, जुन गलत हो । यसविरूद्ध अर्को पक्षले बोलिरहेको छ । यो राम्रो हो । यसले दलभित्रको लोकतान्त्रिक अभ्यासले निरन्तरता पाउँछ ।
>
> ■ **कृष्ण पोखरेल**
> राजनीतिक विश्लेषक

कार्कीको यो प्रस्ताव स्थायी समितिबाट पारित हुने सम्भावना छैन । कारण, कार्की संलग्न शर्मा समूह अल्पमतमा छ । अध्यक्ष दाहालपक्ष बहुमतमा छ । तर, यदि स्थायी समिति, पोलिटब्युरो हुँदै अन्ततः केन्द्रीय समितिबाट पारित भए दाहालको आजीवन पार्टी नेतृत्व कब्जा गर्ने चाहनामा ठेस लाग्ने छ । अध्यक्ष दाहालसँगको लामो समयदेखिको नेतृत्व संघर्षमा शर्मा समूहको जित हुने छ ।

सोही कारण अहिले नै दाहाल शर्मा समूहलाई चुनौतीपूर्ण ठान्दै आएका छन् । हालसम्म उनले दुईपटक पार्टी छाडेर जान शर्मालाई चेतावनी दिइसकेका छन् । शर्मा भने अन्तरसंघर्ष गर्दै पार्टीमै अडिने देखिएका छन् । यसरी पार्टी नेतृत्वविरुद्ध नै प्रश्न उठाएर संघर्ष चलिरहेको भने माओवादी केन्द्रमामात्रै होइन, नेकपा एकीकृत समाजवादीमा पनि छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## विदेशी जनशक्तिलाई आकर्षित गर्न श्रम नीति फेर्दै जापान

> नयाँ प्रणालीको अर्को प्रमुख विशेषता विदेशी कामदारहरूले केही सर्तहरु पूरा गरेमा आफ्नो रोजगारीको स्थान परिवर्तन गर्न पाउने छन् । उनीहरूले एउटै उद्योग क्षेत्रमा जागिर स्थानान्तरण गर्ने व्यवस्था समावेश गरिएको छ । यसले श्रमिकहरूलाई सहज काम गर्ने वातावरण सिर्जना गर्ने जनाइएको छ ।



■ प्रभाव संवाददाता

**काठमाडौं–** जापान सरकारले विदेशी जनशक्तिलाई आकर्षित गर्न आवासीय योग्यता प्रणाली सुरु गर्ने भएको छ । सन् २०२७ अप्रिलमा उक्त नीति कार्यान्वयनमा ल्याइने जनाइएको छ ।

नयाँ प्रणालीलाई 'सीप विकासका लागि रोजगारी' भनिएको छ । सीप विकास प्रणालीका लागि नयाँ रोजगारीलाई अन्तिम रूप दिन विशेषज्ञ प्यानलमा छलफलपछि सरकारले यो वर्षको अन्त्यसम्ममा नीतिहरू अपनाउने बुझिएको छ । यसको उद्देश्य विदेशी जनशक्तिलाई व्यवस्थित गर्नु र लामो समयसम्म उनीहरूलाई जापानमा राख्नु हो । सरकारले यो गर्मीयामको अन्त्य हुनुभन्दा अघि सम्बन्धित मन्त्रीस्तरीय अध्यादेशलाई प्रवर्द्धन गर्ने योजना बनाएको छ ।

दक्षिण कोरिया र ताइवानजस्ता छिमेकी मुलुकले विदेशी कामदारको संख्यामा विस्तार गरेका कारण सीपयुक्त जनशक्ति भित्र्याउन प्रतिस्पर्धा तीव्र भएको बुझिएको छ । जापानलाई सक्षम विदेशी जनशक्तिको रोजाइको देश बनाउनका लागि तुरुन्तै प्रभावशाली प्रणाली अवलम्बन गर्नुपर्ने निष्कर्ष निकालिएको हो ।

क्रमशः पृष्ठ २ मा

## 'सीपयुक्त भएर मात्र विदेश जाऔं'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीमा जाँदा सीपयुक्त भएर मात्र जानुपर्ने विज्ञले बताएका छन् । क्यानडामा रोजगारीका सम्भावनाका विषयक एक छलफल कार्यक्रममा आफ्ना धारणा राख्दै क्यानडास्थित सेन्टेनियल कलेजका प्रा.डा. तुलसी धरेलले सीप भए जुनसुकै ठाउँमा पनि जिन्दगी सहज हुने बताए ।

उनले सीप नजानेमा कहीँ पनि अवसर नपाइने उल्लेख गर्दै सीपयुक्त भएर विदेश जाँदा दुःख नपाइने बताए । विगत २५ वर्षदेखि क्यानडाको कलेजमा अध्यापन गराउँदै आएका डा. धरेलले क्यानडालगायत विश्वका अधिकांश पश्चिमा मुलुकहरूमा दक्ष जनशक्तिको खाँचो रहेको र त्यसमा पनि स्वास्थ्य क्षेत्रका जनशक्तिको माग बढी भएको बताए ।

उनले भने, 'झण्डै एक लाखजति नेपालीहरू रहेको अनुमान गर्न सकिन्छ । रोजगारी, रेस्टुरेण्ट व्यवसाय, घरजग्गा कारोबार, सौन्दर्य पेसा आदिमा नेपालीहरू काम गरिरहेका छन् । नेपालको शिक्षाको स्तर राम्रो छ त्यसैले पनि दक्ष जनशक्ति त्यहाँ जाँदा काम नपाउने भन्ने हुँदैन ।' क्यानेडियन मार्केटिङ एसोसिएसनका काउन्सिल सदस्यसमेत रहेका डा. धरेलले नेपालीहरू उच्च स्तरको पेसामा काम गरिरहेको बताउँदै क्यानडा केही वर्षयता रोजगारी तथा अवसरको राम्रो गन्तव्य बनेको बताए ।

उनले दक्ष जनशक्ति विदेश पलायन भए भनेर नकारात्मक धारणा पाल्न नहुने बताए । 'दक्ष जनशक्तिलाई पठाउनुपर्छ । जीवनस्तर पनि उकासिन्छ र राष्ट्रको पनि इज्जत बढ्छ । दक्ष जनशक्तिलाई विदेश पठाउनुहुन्न भनेर नकारात्मक सोच राख्नुहुन्न,' उनले भने ।







# आपराधिक क्रियाकलापविरुद्धको ‘अपरेसन’लाई निरन्तरता दिइने

**काठमाडौं (प्रस)**– नेपाल प्रहरीले आपराधिक क्रियाकलापविरुद्धको अभियानलाई निरन्तरता दिने जानकारी दिएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले गुण्डाहरूको गतिविधि निस्तेज पार्न काठमाडौंभरि नै अपरेसन जारी रहेको बताए । ‘गुण्डाहरूले टाउको उठाउने ठाउँ पाउने छैनन्, हाम्रो अपरेसन जारी छ, काठमाडौंमा यस्ता अवाञ्छित गतिविधि गरेकाहरूको नामावली संकलन भइसकेको छ, खोजीखोजी कारबाहीको दायरामा ल्याइँदै छ,’ अधिकारीले भने ।

उक्त अभियानअन्तर्गत प्रहरीले शुक्रबार काठमाडौंको महराजगञ्जस्थित होटेल साम्बालाबाट ४७ जनालाई पक्राउ गरेको थियो । पक्राउ परेका ४७ जनामध्ये चक्रे मिलन भनिने मिलन गुरुङसहित १९ जनामाथि सार्वजनिक हितविपरीत गतिविधि गरेको कसुरमा मुद्दा दर्ता गरी सात दिनको म्याद थपेर अनुसन्धान भइरहेको उनले बताए ।

अन्य २८ जनालाई भने प्रहरीमा हाजिर हुनेगरी छाडिएको र उनीहरूमाथि पनि अनुसन्धान भने जारी रहेको उनले बताए । अधिकारीले भने, ‘१९ जनाविरुद्ध अन्य उजुरीहरू आउनसक्ने भएकाले जो कोहीले पनि उजुरी दिन सक्नुहुन्छ, उनीहरू अन्य के-के अपराधमा संलग्न छन् भनेर पनि खोजी भइरहेको छ। छाडिएकाको हकमा पनि अनुसन्धान जारी नै छ ।’ काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको सहयोगमा काठमाडौंमा आपराधिक गतिविधिविरुद्धको अपरेसन जारी रहेको प्रहरीले जनाएको छ।

# आजदेखि वर्षाका गतिविधि बढ्ने

**काठमाडौं (प्रस)**– न्यून चापीय रेखा उत्तरतर्फ भएकाले फेरि केही दिन वर्षाका गतिविधि बढ्ने जल तथा मौसम विज्ञान विभाग जनाएको छ । शनिबार पनि देशभर बदली भई ठाउँठाउँमा वर्षा भएको थियो। यो क्रम आज आइतबारदेखि झन् बढ्ने भएको विभागले जनाएको छ।

आजदेखि न्यून चापीय रेखा उत्तरतर्फ गएकाले तराईमासमेत वर्षा हुने देखिएको जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाकी मौसमविद् शान्ति कँडेलले जानकारी दिइन् । उनका अनुसार हाल देशभर मनसुनी वायुको प्रभाव रहनुका साथै मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा केही उत्तरतर्फ अवस्थित छ ।

वर्षा हुने प्रणाली सक्रिय भएकाले अबको तीन दिन वर्षाका गतिविधि बढ्ने मौसमविद् कँडेलले बताइन् । अहिले कोशी र बागमती प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको उनले जानकारी दिइन्। महाशाखाले राति कोशी, गण्डकी र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ।

आगामी केही दिन मधेस प्रदेशलगायत देशभर मनसुन थप सक्रिय हुने देखिएकाले सर्वसाधारण तथा सबै सरोकार भएका निकायमा पछिल्लो मौसमी सूचनाको जानकारी लिन महाशाखाले शनिबार साँझ बुलेटिनमार्फत सार्वजनिक अनुरोध गरेको छ।

तराई क्षेत्रमा आज रातिदेखि साधारणतया बदली रही अधिकांश स्थानमा मेघगर्जन, चटचाङसहित मध्यमदेखि भारी वर्षा हुने सम्भावना रहेको मौसमविद् कँडेलले बताइन्। उनका अनुसार आज कोशी, सुदूरपश्चिम र लुम्बिनी प्रदेशका केही ठाउँमा भारी वर्षाको सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ । सोमबार कोशी, मधेस, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही क्षेत्रमा भारी वर्षा हुने जनाइएको छ।

शनिबार सिन्धुपाल्चोकको गोब्रेमा ८२.८ मिलिमिटर वर्षा भएको थियो। यस्तै अर्घाखाँचीमा ७२.५, दाङको पदमपुरमा ७२.२ मिलिमिटर पानी परेको थियो। अन्य अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा भएको महाशाखाले जनाएको छ।

**पृष्ठ १ बाट क्रमशः**

## दलका नेतृत्वसँग...

त्यहाँ पार्टी अध्यक्ष माधवकुमार नेपालसँग सम्मानित नेता झलनाथ खनालको टसल छ। खनालले नेपालसँगको नेतृत्व क्षमतामाथि नै प्रश्न उठाएका छन् । एमाले विभाजनको औचित्य पुष्टि गर्न नसकिएको भन्दै नेपाललाई असफल पार्टी नेतृत्वको रूपमा चित्रित गरेका छन् । शनिबार डल्लुस्थित आफ्नै निवासमा पत्रकार सम्मेलन गरी अध्यक्ष नेपालमाथि खरो आलोचना गरे । ‘नेकपा एमालेसँगको विभाजन पुष्टि भएन। सिंगो पार्टी प्यारालाइज्डजस्तै छ। यस्तै हो भने पार्टी छाडेर हिँडे भयो,’ नेपाललक्षित खनालको भनाइ थियो। यसअघि शुक्रबार नेपाल खनालविरुद्ध निकै चर्को सुनिएका थिए। उनले पार्टीमा रहन नैतिकताले नदिने भन्दै खनाललाई छाडेर हिँड्न चेतावनी दिए। भोलिपल्टै पत्रकार सम्मेलन गरी खनाल पनि नेपालजसरी कडा रूपमा प्रस्तुत भएका हुन्। नेपाल-खनालबीच बारम्बार विवाद हुँदै आएको छ।

उता, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)मा अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री धवलशमशेर जबरापक्षबीच पानी बाराबारको स्थिति छ । लिङ्देन जबरा समूहमाथि डण्डा चलाइरहेका छन्। विरोधी नेताहरूलाई जिम्मेवारी खोस्दै आएका छन् । पार्टीको संगठन विभाग प्रमुखबाट जबरालाई हटाएको एक वर्ष नहुँदै प्रवक्ताबाट जबरानिकट सहमहामन्त्री सगुनसुन्दर लावतीलाई हटाए । पार्टी उपाध्यक्षबाट मुकुन्दश्याम गिरी र अनुशासन आयोगको संयोजकबाट वरिष्ठ नेता नवराज सुवेदी जिम्मेवारीमुक्त बनाए। यतिबेला उनीहरूले अध्यक्ष लिङ्देनलाई निर्वाचन आयोगमा कानुनी चुनौती दिएका छन् । लिङ्देनले विधान कुल्चेको, आलोचना गर्नेलाई कारबाही गरेको भन्दै जबरापक्ष असन्तुष्ट छ । असन्तुष्टमध्ये केही केन्द्रीय सदस्यले राजीनामा दिइरहेका छन्। शुक्रबारमात्रै केन्द्रीय सदस्य सीता बस्यालले अध्यक्ष लिङ्देनलाई सामाजिक सञ्जालमा सम्बोधन गर्दै राजीनामा दिइन्।

‘पार्टीमा रहँदा पाएको अनुभव, साथ, सहयोग र विश्वासप्रति आभार प्रकट गर्दछु। आगामी दिनहरूमा पार्टीलाई उत्तरोत्तर प्रगति र सफलताको शुभकामना व्यक्त गर्दै म मेरो औपचारिक जिम्मेवारीबाट अलग निर्णयमा पुगेकी छु,’ पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनलाई सम्बोधन गर्दै फेसबुकमा लेखेकी छन्। राजीनामाको कारण भने खुलाएकी छैनन्। तर, उनी लिङ्देनसँग असन्तुष्ट थिइन्। लिङ्देनको नेतृत्व शैलीमाथि नै जबरा समूहले असन्तुष्टि जनाउँदै आएको छ। पार्टी महाधिवेशन आउन लाग्दा लिङ्देन-जबरा पक्ष आमनेसामने हुँदै आएको छ।

प्रमुख सत्ताघटक नेपाली कांग्रेसमा सभापति शेरबहादुर देउवाविरुद्ध नेता शेखर कोइराला समूह प्रतिपक्षजसरी प्रस्तुत हुँदै आएको छ। विपक्षी दलका नेताहरूले भन्दा चर्कोगरी शेखर समूह देउवाको आलोचनामा उत्रिने गरेको छ। पार्टीको अनुशासन आयोगले गरेको कारबाहीप्रति पनि शेखर समूहले चित्त दुखायो। देउवाको सक्दो आलोचना गर्‍यो। यहीबीच पार्टी नै कतै शेखर समूहले विभाजन त गर्दै छैनन् ? आशंका पनि भयो।

सत्ता नेतृत्व दल एमालेमा प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष केपी शर्मा ओलीविरुद्ध पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी अघि बढ्ने प्रयासमा छिन् । ओलीको आलोचना गर्दै ११औं महाधिवेशनबाट अध्यक्ष हुने लाइनमा भण्डारी छिन् । तर, पार्टी बैठकबाट निर्णय गराउँदै ओलीले भण्डारीलाई एमाले राजनीतिमा फर्किने बाटो बन्द गरिदिए। यति हुँदा पनि नेतृत्वलाई लिएर एमालेमा जारी दुई लाइन संघर्ष मत्थर भएको छैन ।

पश्चिम तराईबाट गत चुनावबाट राष्ट्रिय राजनीतिमा स्थापित नयाँ दल नागरिक उन्मुक्ति पार्टी (नाउपा)मा त अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी नै बर्खास्तगीमा परेकी छन् । साधारण सदस्यसमेत नरहनेगरी हालै बर्खास्तगीमा परेकी उनी र उनको श्रीमान् रेशमलाल चौधरीबाट लामो समयदेखि नेतृत्वको विषयलाई मतभेद थियो । त्यहीबीच रेशम पक्षको राष्ट्रिय भेलाले रेशमले बुबा लालवीर चौधरीलाई अध्यक्ष बनाए । गत वर्षमात्रै जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवमाथि टसल जारी छँदा संघीय अध्यक्ष अशोककुमार राई पार्टी नै विभाजन गरेर अलग भए। जनमत पार्टीमा पनि अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतविरुद्ध संघर्ष चलिरहेको छ।

राजनीतिक विश्लेषक कृष्ण पोखरेलका अनुसार नेपालका दलीय नेतृत्वहरू सर्वेसर्वा हुनेतिर उन्मुख हुँदा पार्टीको अर्को समूह भीषण संघर्षमा देखिएका छन् । यसले पार्टीभित्रको लोकतान्त्रिकीकरणमा सहयोग पुर्‍याउने उनको भनाइ छ । ‘हरेकजसो पार्टीमा विरोधी सफायाजस्तो अभियान नेतृत्वबाट चलाइएको छ, जुन गलत हो,’ उनले भने, ‘यसविरुद्ध अर्को पक्षले बोलिरहेको छ । यो राम्रो हो । यसले दलभित्रको लोकतान्त्रिक अभ्यासले निरन्तरता पाउँछ।’

## शंका र आवेगले...

मानसिक तनावको कारण भन्दै मकवानपुरमा शनिबार नै श्रीमान्ले पक्षघातले थलिएकी श्रीमतीको घाँटी थिचेर हत्या गरे। जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार ४५ वर्षीय मानबहादुर शिवभक्तीले ४० वर्षीया श्रीमती दुर्गा लक्ष्मी शिवभक्तीको घाटी थिचेर हत्या गरेका हुन्। घटनापछि उनी आफैं श्रीमतीको हत्या गरेको भन्द्र प्रहरी कार्यालयमा आत्मसमर्पण गर्न आइपुगेको मकवानपुरका प्रहरी प्रवक्ता डिएसपी श्यामु अर्यालले जानकारी दिए। घटनाबारे सोधपुछ गर्दा तनाव थेग्न नसकेर हत्या गरेको जवाफ दिएको अर्यालले बताए। यसअघि यही ५ साउनमा अर्कै युवकसँग लागेर टाढिएको भन्दै एक युवकले काभ्रेमा प्रेमिकाको हत्या गरे। रामेछापको मन्थली-१३ का ३७ वर्षका सन्तोष सुनारले ३३ वर्षकी प्रेमिका शर्मिला उप्रेतीको हत्या गरेका थिए।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता विनोद घिमिरे पछिल्ला हत्या घटनाहरूको विश्लेषण गर्दा प्रेममा शंका र तनावले घटना भएको देखिएको बताउँछन्। ‘हत्या घटना कुनै न कुनै कारणले हुन्छ, तर, पछिल्लो हत्या घटनालाई हेर्दा प्रेम जोडीबीच शंका हुनु र त्यसले झगडा निम्त्याएको र घटना भएको देखाउँछ। केहीमा आवेसले पनि घटना भएको देखियो,’ उनले भने।

नेपाल प्रहरीले हालै सार्वजनिक गरेको अपराध तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८१/०८२ मा ५१८ जनाको हत्या भएको थियो । यो भनेको हरेक दिन कम्तीमा एक जनाभन्दा बढीको हत्या हुन्छ।

## विदेशी जनशक्तिलाई...

सीप विकास प्रणालीअन्तर्गत अदक्ष विदेशी कामदार लक्षित सीप ‘टाइप वान्’ रेसिडेन्सी स्थितिको स्तरमा उनीहरूको क्षमता बढाउन तीन वर्षसम्म तालिम दिइने जनाइएको छ । यसरी तालिम लिनेहरूले जापानमा पाँच वर्षसम्म काम गर्न पाउँछन्।

नयाँ प्रणालीको अर्को प्रमुख विशेषता विदेशी कामदारहरूले केही सर्तहरू पूरा गरेमा आफ्नो रोजगारीको स्थान परिवर्तन गर्न पाउने छन् । उनीहरूले एउटै उद्योग क्षेत्रमा जागिर स्थानान्तरण गर्ने व्यवस्था समावेश गरिएको छ । यसले श्रमिकहरूलाई सहज काम गर्ने वातावरण सिर्जना गर्ने जनाइएको छ । जागिर परिवर्तन गर्ने प्रशिक्षार्थीहरूले सीप परीक्षण र जापानी भाषा परीक्षणमा निश्चित मापदण्डहरू पूरा गर्नुपर्ने छ ।

नयाँ प्रणालीले त्यहाँको ग्रामीण क्षेत्रमा देखिएको श्रमिक अभावलाई विशेष ध्यान दिने छ । कम्पनीहरूले तालिम र रोजगारीका लागि स्वीकार गर्न सक्ने विदेशी नागरिकको अधिकतम् संख्या उनीहरूको पूर्णसमय कर्मचारीहरूको संख्याअनुसार निर्धारण गरिने छ । ग्रामीण क्षेत्रका छानिएका कम्पनीहरूलाई अनुमति दिइएको भन्दा तीन गुणा बढी विदेशी प्रशिक्षार्थीहरू राख्ने विशेष अनुमति दिइने छ। यसबाहेक, सहरी क्षेत्रहरूमा जागिर स्थानान्तरणको सन्दर्भमा कडा नियमहरू लागू गरिने जनाइएको छ । पारिश्रमिक बढी हुने सहरी क्षेत्रमा श्रमशक्ति केन्द्रित हुने परिपाटीलाई रोक्न नयाँ व्यवस्था गरिएको उल्लेख छ । यसले ग्रामीण क्षेत्रमा कामदारहरू कम आकर्षित हुने र विभिन्न क्षेत्रमा प्रतिभाको सन्तुलित वितरण कायम राख्न मद्दत गर्ने बताइएको छ।

### प्राविधिक इन्टर्न तालिम प्रणाली खारेज हुने

नयाँ नीति लागू भएपछि हाल कार्यान्वयनमा रहेको ‘प्राविधिक इन्टर्न तालिम’ प्रणाली खारेज हुने भएको छ। सन् १९९३ मा सुरु भएको प्राविधिक इन्टर्न तालिम कार्यक्रम विकासशील देशहरूबाट प्रशिक्षार्थीलाई ल्याएर ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले सुरु गरिएको थियो। यद्यपि, यो प्रणालीअन्तर्गत रोजगारदाताहरूले सस्तो श्रमिक ल्याउने, ज्याला भुक्तानी नगर्ने, लामो कार्य घण्टा काम लगाउनेलगायतका कारण आलोचित हुँदै आएको थियो । यो प्रणालीले प्रशिक्षार्थीलाई आफ्नो कार्यस्थल परिवर्तन गर्नसमेत निषेध गरेको थियो। कार्यस्थल परिवर्तन गर्ने प्रावधानलाई प्रशिक्षार्थीहरू बेपत्ता हुने कारण भनेर उल्लेख गरिएको छ।

जापान, नेपालीहरूको आकर्षक रोजगार गन्तव्य हो । गत आव २०८१/८२ मा २३ हजार ७१ युवा श्रम स्वीकृति लिएर जापान गएका छन् । व्यक्तिगत श्रम स्वीकृति लिएर त्यहाँ जानेको संख्या बढेसँगै सरकारले जापानमा सीपयुक्त जनशक्ति पठाउनेसम्बन्धी कार्यविधिसमेत बनाइसकेको छ । जसअनुसार सबै इजाजतपत्र प्राप्त संस्थाले ‘एसएसडब्ल्यू’ प्रणालीअन्तर्गत श्रमिक पठाउन सक्ने छन्। त्यहाँको श्रमबजारमा एक करोड श्रमिकको माग रहेको भनिएको अवस्थामा श्रमिकलाई आकर्षित गर्न जापान सरकारले श्रमसम्बन्धी नीतिहरू संसोधनलाई अघि बढाएको छ।

**नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०४/१८**

**अनलाइन सञ्चारमाध्यम कालिका मिडिया हाउस प्रा.लि** को इमेल- **www.merodristy.com** तथा डोमेन नाम **www.merodristy.com** परिवर्तित भई **www.merodristi.com** तथा **www.merodristi.com** नाम परिवर्तन गरिएको व्यहोरा सम्बद्ध सबैको लागि जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०४/१८**

यस कम्पनीको मिति २०७९/०५/२८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रोग्रेसिभ इन्स्टिट्युट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **जे. कन्सल्ट प्रा.लि.**(परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०३/२४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जे. कन्सल्ट प्रा.लि.**(प्रा.लि.नं.३८१८८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**(पहिलो पटक प्रकाशित मितिः २०८२/०४/१८ गते)**

यस कम्पनीको मिति २०८२/०३/२४ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **करमाया जर्नीज**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **करमाया एडभेन्चर्स** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०४/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **श्री करमाया एडभेन्चर्स. (दर्ता नम्बर : ३६६२३९)**. कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कागेश्वरी मनोहरा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
डाँछी, काठमाडौं

**विद्यालयको स्वामित्व परिवर्तन सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

होप एजुकेशन एकेडेमी प्रा. लि. द्वारा सञ्चालित होप एजुकेशन एकेडेमीको एकल स्वामित्व श्री हर्षिता सुरेकाबाट बहुल स्वामित्व श्री भगवान कुमार कार्की, तोपगाछी वडा नं.२ झापा, श्री नरेन्द्र कुमार बस्नेत, बेलटार वडा न.३ उदयपुर, श्री राजु कार्की, स्याउले वडा नं. ९ सिन्धुपाल्चोक, श्री हेमराज गौतम, कुदाक काउले वडा न.४ भोजपुर, श्री शारदा कुमारी बस्नेत, घोघनपुर वडा नं. ५ सप्तरी र श्री सुमित्रा बस्नेत वेलटार वडा न. ३ उदयपुर समेतका ६ जनाको नाममा विद्यालयको स्वामित्व कायम गर्न माग भई आएकोले यो विद्यालयहरुसँग कोही कसैको लेनदेन दाबी विरोध भएमा यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यसै नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा स-प्रमाण दावी विरोध निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशन भएको ३५ दिन पश्चात प्राप्त दाबी बिरोध माथि कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२
Email: dhruvswamig@gmail.com

आइतबार, १८ साउन, २०८२

| | |
|---|---|
| मेष | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| वृष | रोकिएका कम बन्ने नयाँ योजना । |
| मिथुन | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| कर्कट | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| सिंह | नोकरीमा पद प्राप्ति हुनेछ । |
| कन्या | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| तुला | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| वृश्चिक | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| धनु | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| मकर | महगा सामानतर्फ ध्यान जानेछ । |
| कुम्भ | खानपान र पहिरनमा खर्च हुनेछ । |
| मीन | खर्च बढ्नाले अभाव देखिन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१८ साउन , २०८२ (०३ अगस्ट, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.६१ | १३९.२१ |
| युरो | १ को | १६०.२८ | १६०.९८ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.०० | १८५.८० |
| स्विस फ्रैन्क | १ को | १७२.१५ | १७२.९० |
| अस्ट्रेलियन डलर | १ को | ९०.२० | ९०.५९ |
| क्यानाडियन डलर | १ को | १००.७७ | १०१.२१ |
| सिङ्गापुर डलर | १ को | १०७.६३ | १०८.१० |
| जापानी येन | १० को | ९.३३ | ९.३७ |
| चिनियाँ युआन | १ को | १९.३२ | १९.४० |
| साउदी अरब रियाल | १ को | ३६.९५ | ३७.११ |
| कतारी रियाल | १ को | ३८.०३ | ३८.१९ |
| थाई भाट | ख १ को | ४.२७ | ४.२९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.७४ | ३७.९० |
| मलेसियन रिङेट | १ को | ३२.७३ | ३२.८८ |
| दक्षिण कोरियन वन | १०० को | ९.९६ | १०.०० |
| स्विडिस क्रोनर | १ को | १४.३८ | १४.४४ |
| डेनिस क्रोनर | १ को | २१.४८ | २१.५७ |
| हङकङ डलर | १ को | १७.६६ | १७.७३ |
| कुवेती दिनार | १ को | ४५३.७० | ४५५.६६ |
| बहराइन दिनार | १ को | ३६७.६८ | ३६९.२७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



विनासकारी 'गोरखा भूकम्प'ले क्षति पुगेको नुवाकोटको सातताले दरबार (दुर्गरत्न) पुनर्निर्माणका लागि भत्काइँदै । चीन सरकारको सहयोगमा निर्माण हुने उक्त दरबारको पुनर्निर्माणअघिको पूर्वतयारीका लागि प्राविधिक कार्य सम्पन्न भएसँगै क्षतिग्रस्त संरचनाको भाग भत्काउन थालिएको हो । *तस्बिरः रासस*

# पशुपतिनाथ सफाइमा कलाकार

**काठमाडौं (प्रस)–** दिव्य पशुपतिनाथ अभियानअन्तर्गत शनिबार कलाकर्मीहरूले पशुपतिनाथ मन्दिर परिसरमा सफाइ गरेका छन् । 'एक वर्ष एक संकल्पः स्वच्छता र हरियालीमा दीर्घकालीन परिवर्तन' भन्ने उद्घोषसहित यही साउन ६ गतेदेखि अभियान सुरु भएको थियो ।

'क्लाइमेट स्मार्ट सिटिज्' सँगको सहकार्यमा मैनादेवी फाउण्डेसनद्वारा सुरु गरिएको अभियानअन्तर्गत शनिबार नेपाल आइडल विजेता रवि ओड, लोक देउडा गायकहरू चक्र बम, टंक तिमिल्सेना, चेतन बोहोरा, लालबहादुर धामी, अनिता चलाउने, हाँस्यकलाकार हेमराज अधिकारीलगायतले मन्दिर परिसरमा सफाइ गरेका फाउण्डेसनकी अध्यक्ष केपी खनालले जानकारी दिइन् ।

बढ्दो प्लास्टिक फोहोर व्यवस्थापन, वातावरण संरक्षण र हरियाली प्रवर्द्धन गर्ने उद्देश्यका साथ सुरु भएको अभियानमा समाजका सबै क्षेत्रका व्यक्तिहरूलाई सरिक गराउने नीतिअनुसार शनिबार सुदूरपश्चिमका चर्चित कलाकारले सफाइ गरेका उनले बताइन् ।

कार्यक्रममा क्रिएसन नेपाल, फाउण्डेसनका स्वयंसेवक र सेन्ट लरेन्स कलेजका विद्यार्थीकोसमेत सहभागिता रहेको थियो । त्यस क्रममा ३०० किलोग्रामभन्दा बढी फोहोर संकलन भएको थियो । फोहोरमा प्रायः चुरोट, गुट्खा र चक्लेटका खोल तथा मेडिकल सामग्रीलगायत भेटिने गरेको फाउण्डेशनकी अध्यक्ष खनालले जानकारी दिइन् ।



'विश्वका हिन्दूहरूको आस्थाको केन्द्र पशुपतिनाथ क्षेत्र फोहोर हुनुले नेपालकै छविमा नराम्रो सन्देश जान्छ । त्यसैले फोहोर व्यवस्थापनका लागि अभियान सुरु गरेका छौं, यो निरन्तर जारी रहने छ । यसमा सबैको सहयोग र सहभागिताको अपेक्षा गरेका छौं,' उनले भनिन् । यही साउन ६ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले अभियान शुभारम्भ गरेका थिए ।

# न्याय सुनिश्चित गर्न दृढ रहने आयोगको प्रतिबद्धता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोगले पीडितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै सत्य तथा न्याय सुनिश्चित गर्न दृढ रहने प्रतिबद्धता जनाएको छ ।

उक्त आयोगसम्बन्धी ऐन, २०७१ मा भएको तेस्रो संशोधनअनुरूप नियमावली तयार गर्न पीडित र सरोकारवालासँग आयोगले परामर्श गरेको थियो । उक्त कार्यक्रममा सरोकारवालालाई केन्द्रमा राखी उनीहरूको सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ ।

आयोगले पूर्वपदाधिकारी, पूर्वसचिव, बेपत्ता पारिएका व्यक्तिका परिवार, सरकारका विशिष्ट श्रेणीका पदाधिकारी, वरिष्ठ अधिवक्ता, अधिवक्ता तथा सरोकारवालासँग परामर्श लिएको थियो । परामर्शमा मुख्यतः आयोगमा रहने एकाइ, त्यसमा रहने विषयविज्ञ, सत्य अन्वेषण, छानबिन तथा अनुसन्धानका व्यवस्था, परिपूरण, मनोसामाजिक परामर्श, सुरक्षा, गोपनीयतासँग सम्बन्धित व्यावहारिक चुनौती तथा अवसरका बारेमा सुझाव प्राप्त भएको आयोगकी सदस्य एवं प्रवक्ता सिर्जना पोखरेलले जानकारी दिइन् ।

विगतका कानुनी एवं व्यावहारिक चुनौती र आगामी दिनमा गर्नुपर्ने सुधारका बारेमा विस्तृत छलफल भएको आयोगले जनाएको छ । ऐनमा भएको तेस्रो संशोधनअनुसार तयार गरिएको आयोगको नियमावलीमा प्राप्त सुझावले कार्यसञ्चालनलाई विधिसम्मत बनाउन महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्राप्त सुझावलाई नियमावलीको प्रारम्भिक मस्यौदामा समावेश गरी सरकारसमक्ष परामर्श दिने प्रतिबद्धता जनाइएको पनि उनले बताइन् । सो सुझावले पीडितमैत्री किसिमले संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउन कोशेढुंगा साबित हुने अपेक्षा आयोगको छ ।


## जापानमा रोजगार

कम्पनी : NISHINIHON KENWA COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/04/01 | LT. No. 327213 | चलानी नं. ६०२४२१८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plasterer | 1 | 0 | 164000 | १५४,९११ | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Nishinihon Kenwa Cooperative

पूर्व स्वीकृति मिति : २०८२/04/14 | LT. No. 328035 | चलानी नं. ६०२४०६३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | construction machinery mechanic | 6 | 0 | 180000 | १७०,०२४ | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Nishinihon Kenwa Cooperative

पूर्व स्वीकृति मिति : २०८२/04/14 | LT. No. 327802 | चलानी नं. ६०२४२१८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NURSING CARE | 2 | 3 | 178000 | १६८,१३५ | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Yamanashi Medical Care Cooperative Business Association

पूर्व स्वीकृति मिति : २०८२/04/10 | LT. No. 327801 | चलानी नं. ६०२४२१८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NURSING CARE | 0 | 4 | 171600 | १६२,०८९ | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Yamanashi Medical Care Cooperative Business Association

पूर्व स्वीकृति मिति : २०८२/03/19 | LT. No. 326733 | चलानी नं. ६०२४२१७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | care worker | 0 | 10 | 198032 | १८७,०५७ | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Yamanashi Medical Care Cooperative Business Association

पूर्व स्वीकृति मिति : २०८२/04/05 | LT. No. 327393 | चलानी नं. ६०२४२१८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | care worker | 0 | 2 | 183600 | १७३,४२४ | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २५ गते (10th August 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ४०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**नोटः N4 गरेका आवेदकलाई विषेश प्रथामिकता दिइने छ ।**

FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9813432386, 9827644060, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np
1559/079/80



## युएइमा रोजगार

कम्पनी : MOHAMMED ABDULMOHSIN AL-KHARAFI & SONS L.L.C | शहरः SHARJAH

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/04/17 | LT. No. 317712 | चलानी नं. ६०२३१८४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour (building Projects) | 139 | 0 | 900 | ३४,२७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २५ गते (10th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com
Govt.Lic. No 1728/081/82



**Melung Rural Municipality**
**Office of Rural Municipal Executive**
**Bhedapu, Dolakha**

## INVITATION FOR BIDS

**First Date of Publication: 2082-04-18 (2025-08-03)**

1. Melung Rural Municipality, office of Rural Municipal Executive, Bhedpu, Dolakha has allocated funds for following works and invites open national competitive bidding. This notice is published as per Public Procurement Act, 2063 (14) sub- section (1) and Public Procurement Rule, 2064 (49 Ka) for all eligible bidders.

| S.N | Contract ID | Name of Project | Estimated Cost (*inclusive VAT*) | Min. Bid Security Amount (NRs) | Fee for Bid Documents (NRs) | Submission of Bid (Date, Time) | Opening of Bid (Date, Time) |
|---|---|---|---|---|---|---|---|
| 1 | 1/W/NCB/MRM/2082-083-R | Dolakha Jilla Melung Ga.Pa-6 Ma Tin piple-Kotamuni Sadak Staronnati Karya | 2,415,672.66 | 60,000 | 3,000 | 2082-05-17 (2025-09-02) 12:00 hours | 2082-05-17 (2025-09-02) 14:00 hours |
| 2 | 2/W/NCB/MRM/2082-083-R | Manedanda- Bhumesthan-Miltikhola Sadak - melung Dolakha | 6,763,223.36 | 165,000 | | | |
| 3 | 3/W/NCB/MRM/2082-083-W | Nalidanda Dobate Kande Bhiramuni Lamatol Khanepani Melung | 4,830,752.37 | 120,000 | | | |
| 4 | 4/W/NCB/MRM/2082-083-I | Simpakha, Gahate, SiudiGhari Sinchai Yojana, Melung Ga.Pa.06, Dolakha | 2,415,245.59 | 60,000 | | | |
| 5 | 5/W/NCB/MRM/2082-083-W | Kalichaur Khanepani Tatha Sarsafai Aayojana, Melung Ga.Pa.07, Dolakha | 2,415,360.32 | 60,000 | | | |
| 6 | 6/W/NCB/MRM/2082-083-R | Kopila Pakharka Giri gaun Lamatole erelu mane Sadak Staronnati | 3,381,800.71 | 83,000 | | | |
| 7 | 7/W/NCB/MRM/2082-083-R | Laharemane Aapbote Deurali Sadak Staronnati | 3,864,601.81 | 95,000 | | | |
| 8 | 8/W/NCB/MRM/2082-083-B | Dandakharka Swasthya Chauki Sudhridhikaran, Melung-5 | 966,136.05 | 25,000 | | | |
| 9 | 9/W/NCB/MRM/2082-083-R | Melung Manedanda nikasi miltikhola Ramechhap Sadak, Melung 5-6 | 18,356,719.97 | 450,000 | | | |
| 10 | 10/W/NCB/MRM/2082-083-R | Pauwa Tingari Garbe Hudai Tinpippale Jodne Sadak Melung 6, 7 | 18,356,804.78 | 450,000 | | | |

2. Bidders shall have the option of submitting their bids **electronically only**. For further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board or website of Melung Rural Municipality (melungmun.gov.np), Bhedapu, Dolakha or the PPMO's Website http://www.bolpatra.gov.np/egp
3. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of GoN.
4. Any amendment in the tender notice shall be posted in the notice board of the Melung Rural Municipality and PPMO's website: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## स्वास्थ्य र समृद्धिका लागि रैथाने बाली

भन्नलाई कृषिप्रधान देश भनेर हामी गर्व गर्छौं तर अधिकांश कृषि उत्पादन आयातमै निरर्भर हुनुपरेको छ । मुलुकमा कृषिको प्रशस्त सम्भावना रहेको भए पनि सरकारको कमजोर नीतिका कारण अधिकांश कृषक परम्परागत खेतीमै सीमित छन् । कृषिलाई आधुनिकीकरण गरी व्यावसायिक बनाउन नसक्दा यो पेसाबाट पलायन हुने क्रम बर्सेनि बढ्दो छ । युवा जनशक्ति रोजगारीका लागि विदेश पलायन हुने क्रम तीव्र बन्दा ग्रामीण क्षेत्रका खेतबारी बाँझिँदै छ ।

सरकारले प्रत्येक वर्ष ल्याउने नीति तथा कार्यक्रम र बजेटमा कृषिलाई प्राथमिकता दिने बताइन्छ । नेताहरू कृषिमा आत्मनिर्भर बन्ने भाषण गर्छन् । तर व्यवहारमा ठीक उल्टो छ । सिँचाइको असुविधा, समयमा मल, बीउविजनलगायत सामग्री नपाइने समस्याले कृषकहरू पीडित बन्नुपर्ने वर्षौंदेखिको समस्या हट्न सकेको छैन । त्यतिमात्रै होइन, कृषकले उत्पादन गरेका वस्तुले उचित मूल्य पाउँदैन ।

अर्को, विकराल समस्या भनेको रैथाने बाली लोप हुँदै जानु हो । मुलुकमा लगाइँदै आएका रैथाने बालीहरू आयातीत बालीहरूबाट विस्थापित हुँदै गएका छन् । यसैमध्येमा पर्छ कोदो । पौस्टिक आहारयुक्त कोदो पहिले हेपिएको बालीमा पर्दथ्यो । गरिबले खाने खान्कीको रूपमा कोदोलाई लिइन्थ्यो । तर, अहिले कोदोका परिकार सहरका रेस्टुरेण्टदेखि सम्पन्नहरूको घरसम्म पाक्न थालेको छ । जसले गर्दा यो रैथाने बालीको माग र महत्त्व बढ्न थालेको छ । यसैलाई मध्यनजर गरी सरकारले यसै वर्षबाट 'कोदो दिवस'मनाउन थालेको छ । कोदोको महत्त्वलाई राष्ट्रियस्तरमा स्थापित गर्न सरकारले साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवसका रूपमा मनाउने घोषणा गरेको हो । कोदोलाई रणनीतिक बालीका रूपमा प्राथमिकता दिँदै दिवसको घोषणा गरेको बताइएको छ । रैथाने बाली कोदोको प्रवर्द्धनमा यो कदम स्वागतयोग्य रहेको छ ।

कोदो खाद्य सुरक्षाको आधार, पोषणको स्रोत र पर्यावरणमैत्री खेतीका हिसाबले पनि विशेष महत्त्व राख्ने बाली हो । पछिल्लो समय यसको पोषणीय, पर्यावरणीय र आर्थिक मूल्यबारे जनचेतना बढ्दै गएको छ । तर, आत्मनिर्भरताको हिसाबले कोदोको अवस्था चिन्ताजनक छ । भन्सार विभागका अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालले करिब ७६ करोड ६३ लाख रूपैयाँ बराबरको १८ हजार ३१६ मेट्रिकटन कोदोजन्य उत्पादन आयात गरेको छ भने निर्यात जम्मा ७० मेट्रिकटन मात्र भएको छ । कृषि मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालमा दुई लाख २४ हजार ९३५ हेक्टर क्षेत्रफलमा कोदो खेती गरी तीन लाख ७३२ मेट्रिकटन उत्पादन भएको देखिन्छ । प्रतिहेक्टर उत्पादकत्व १.३३ मेट्रिकटनमा सीमित छ । यो तथ्यांकलाई मध्यनजर गर्दै कोदो खेती प्रवर्द्धनमा थप नीति आवश्यक देखिन्छ । कोदो दिवस मनाउनेमात्र नभइ व्यवहारमा यसको उत्पादन बढाउन प्रभावकारी कदम चाल्नुपर्छ । कोदोमात्रै नभइ अन्य रैथाने बालीको संरक्षण र प्रवर्द्धनमा पनि सरकारको ध्यान पुगोस् ।

श्रम सरोकार

## स्वास्थ्य परीक्षण किन आवश्यक पर्छ ?

- स्वदेशमा स्वास्थ्य परीक्षण गर्नु भनेको आफू विदेशमा काम गर्न शारीरिकरूपमा सक्षम छु वा छैन भनी जाँच गरी रिपोर्ट निकाल्ने प्रक्रिया हो । यसले गर्दा विदेशमा हुने मेडिकल परीक्षणमा समस्या हुँदैन । स्वदेशमा स्वास्थ्य परीक्षण गर्दा फेल हुँदा-हुँदै पनि गलत रिपोर्ट बनाएर विदेश जाँदा त्यहाँ हुने परीक्षणमा फेल भइन्छ र स्वदेश फर्कनुपर्ने हुन्छ ।
- आफू स्वस्थ छु भन्ने मेडिकल रिपोर्ट पेस गरेपछि मात्र विदेशबाट भिसा आउँछ । साथै, नेपाल सरकारले पनि श्रम स्वीकृति प्रदान गर्ने हुँदा कानुनी तवरबाट विदेश जान पाइन्छ ।
- विदेशी कम्पनीहरूले निरोगी व्यक्तिहरूलाई मात्र काममा लगाउने हुँदा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सूचीकृत संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराई होलोग्राम टाँसेको मेडिकल रिपोर्टको कार्ड लिनुपर्दछ ।
- होलोग्राम टाँसेको मेडिकल रिपोर्ट भएमा मात्र मेडिकल चेकअप गरेको दिनदेखि ९० दिन भित्रमा विदेशमा हुने मेडिकल चेकअपमा मेडिकल फेल भइ स्वदेश फर्कनुपरेमा स्वदेश फर्केको ३५ दिन भित्रमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा क्षतिपूर्तिका लागि निवेदन दिन सकिन्छ ।
- क्षतिपूर्तिका लागि स्वदेशमा स्वास्थ्य परीक्षण गराएको सक्कलै मेडिकल रिपोर्टको प्रति, स्वास्थ्यको कारणले स्वदेश फर्किनुपरेको प्रमाणित गर्ने कागजात, होलोग्राम भएको मेडिकल रिपोर्ट कार्ड, श्रम स्वीकृति, विदेशमा मेडिकल चेकअप गरेको मिति खुल्ने कागजात, पासपोर्टको प्रतिलिपि, विदेश जाँदा र फर्किंदाका हवाइ टिकट, बोर्डिङ पास, स्वास्थ्य व्यवसायी महासंघको रसिदलगायतका तोकिएबमोजिमका अन्य कागजातहरू समेत संलग्न गरी निवेदन दिनुपर्ने छ ।
- श्रम मन्त्रालयले क्षतिपूर्तिका लागि प्राप्त निवेदन विशेषज्ञ समितिमा पठाउने र उक्त समितिले गलत मेडिकल रिपोर्ट दिएका कारण कामदार स्वदेश फर्किनुपरेको भनी पुष्टि गरेमा सम्बन्धितस्वास्थ्य व्यवसायी संस्थाले सम्बन्धित कामदारलाई विदेश जाँदा र फर्किंदाको आतेजातेलगायतको खर्च क्षतिपूर्तिबापत उपलब्ध गराउने व्यवस्था वैदेशिक रोजगार नियमावलीले गरेको छ । गलत मेडिकल रिपोर्ट बनाउने सुचीकृत संस्थालाई कानुनबमोजिम कारबाहीसमेत गर्ने प्रावधान छ ।

# विकास र समृद्धिका लागि सहकार्य



■ विश्वप्रकाश शर्मा

अन्य दलको तुलनामा नेपाली कांग्रेसभित्र अलि व्यवस्थित अभ्यास छ । जति लोकप्रिय भए पनि दुई पटकभन्दा बढी जिल्ला वा केन्द्रीय सभापति बन्न पाइँदैन । महाधिवेशन आउनुअघि नै अहिले पाँच जना सभापतिका आकांक्षी देखिनुभएको छ । को बन्छ थाहा छैन, तर अरु दलमाचाहिँ को अध्यक्ष हुन्छ पहिल्यै थाहा हुन्छ । कांग्रेसमा हरेक चार-पाँच वर्षमा महाधिवेशन हुने, प्रतिस्पर्धाको आधारमा नेतृत्व चयन हुने परिपाटी छ । प्रश्न उठाउँदैमा पार्टीबाट निष्कासन हुँदैन ।

मैले निर्वाचनको समयमा नै सोचेका मुख्य दुई-तीन विषय थिए । बाटो बन्नु र बिजुली बल्नुमात्र विकास होइन, समग्र मानव विकास नै विकास हो । तर राजनीतिक प्रणालीलाई सुसंस्कृत बनाउँदै जानुपर्छ । यो कर्तव्य राजनीतिक दलहरूको हो । राजनीतिक दलको आलोचना त हुन्छ, तर ती आलोचनालाई कति विनम्र बनाएर लैजाने भन्ने हुन्छ । शब्दमा विनम्रता र भावमा क्रान्तिकारी भाव राख्दा पनि आफ्नो कुरा खरो रूपमा राख्न सकिन्छ । ठूलो स्वरमा र कडा शब्दमात्रै राखेर अगाडि बढ्ने कुरा संसदीय संस्कृति होइन । त्यसमा विपक्षीको आलोचना, सरकारको आलोचना, आफ्नै आलोचना लोकतन्त्रमा स्वाभाविक हो । अब राजनीतिमा परिवर्तन जरुरी छ । अर्को कुरा, मुलुकको विकासमा हामी कहाँ चुक्यौं ? यसको व्याख्या पनि आउनुपर्छ । नबन्नुपर्ने संरचनाहरू बनेका छन्, घाटा बेहोर्नुपरेको छ । बन्नैपर्ने संरचना बनाउन कतिपय स्थानमा ध्यान पुगेन । लहडमा हुने कुरालाई रोक्नुपर्छ । उत्पादनशील क्षेत्रमा राज्यको लगानी हुनुपर्छ ।

कामको गति बढाउने सन्दर्भमा संसद्मा मैले निरन्तर बोलिरहेको छु । तर संसद्मा मात्र बोलेर हुँदैन भनेर मैले 'ऐना' कार्यक्रममार्फत पनि विषय उठान गरिरहेको छु । धनी मुलुकचाहिँ राति पनि बाटो बनाउँछ । गरिब राष्ट्र नेपालचाहिँ 'सूर्य अस्त, नेपाल मस्त' किन हुन्छ ? नेपालले तीन सिफ्टमा काम गर्नुपर्छ । तीन सिफ्टमा तीन समूह श्रमिकले कार्य गर्न सम्भव पनि छ । तसर्थ राजनीतिक परिवर्तनदेखि, गरेका गल्तीहरूमा सुधार गरेर अगाडि बढ्ने कुरा, काम गर्ने शैलीमा रूपान्तरण गर्ने कुरा निर्वाचनको समयदेखि संसद्मा राख्दै आएको छु ।

सामान्यतया एउटा सांसदले आफ्ना निर्वाचन क्षेत्रहरूमा दुई-तीन वटा काम गर्नुपर्छ । त्यो क्षेत्रसँग सम्बन्धित मुद्दाहरू संसद्मा प्रस्तुत गर्नुपर्छ । जस्तै, डुबान, नदी तटबन्धका कुराहरू मैले उठाउँदै आएको छु । कतिपय व्यक्तिले धनीपुर्जा नपाएको अवस्था छ, अव्यवस्थित बसोबास, सुकुम्बासीका समस्या छन् । यी समस्या सम्बोधन गरियोस् भनेर कुरा उठाउँदै आएको छु । भारतबाट ठूलो संख्यामा झापामा हात्ती प्रवेश गरेर मानिसको ज्यान लिएको छ, यस्ता समस्याहरू पनि उठाएँ ।

हात्तीको समस्या समाधान गर्न गएको तीन महिनामा मात्रै साढे चार करोड रूपैयाँ थप निकासा गराएर हात्ती नियन्त्रणको काम भइरहेको छ । अढाइ करोड रूपैयाँ मूल्यबराबरको वन मन्त्रालयमार्फत १८ किलोमिटर लामो सोलार फेन्सिङ बनाउने क्रममा जाँदै छौं । ती क्षेत्रमा यी मुद्दाहरू ज्वलन्त थिए । त्यसबाहेक पर्यटनको सन्दर्भमा पनि कामहरू भएका छन् । चन्द्रागढ भन्ने ठाउँमा सिमसार छ, त्यसलाई बजेट राखेर पर्यटकीय विकासका कामहरू गर्दै छौं । काँकडभित्तामा खेल मैदान निर्माणका लागि पहल भएको छ । बुद्धशान्ति गाउँपालिकाको वडा नं ६ र ७ वारि र पारिमा जोड्ने पाँच करोड ९८ लाख रूपैयाँको लागतमा नेपालको तेस्रो लामो झोलुंगे पुल बनायौं । खानेपानीका परियोजना लगेका छौं । झापामा सामुदायिक इञ्जिनियरिङ क्याम्पस खुलेको छ । त्यो सबैको प्रयास थियो, तर म जनप्रतिनिधि भएकाले मेरो पहल अलिक बढी भयो ।

बजेट बनाउने बेलामा, कुनै पनि दलले आफ्नो गल्तीबाट प्रभावित भएर प्रस्तुति गर्न हुन्न । झापा क्षेत्र नं १ को सन्दर्भमा, संघीय सांसद कांग्रेसको, प्रदेश सांसद राष्ट्रिय प्रजातन्त्र पार्टीको, अर्को प्रदेश सांसद कांग्रेसको, नगरप्रमुख एमालेको, अन्य स्थानीय तहका प्रमुख पनि विभिन्न दलका छन् तर हामी सबै एकै ठाउँमा बसेर सल्लाह गर्छौं, काठमाडौं आएर प्रधानमन्त्री तथा सम्बन्धित मन्त्रीलाई भेट्छौं । हामी राजनीतिलाई आफ्नो ठाउँमा राखेर, विकासको सन्दर्भमा एकै ठाउँमा उभिन्छौं । विकासका प्राथमिकता प्रस्तुत गरेर बजेट माग गर्छौं । विकास र समृद्धि सहकार्यमा हुनुपर्छ । प्राथमिकता स्पष्ट हुनुपर्छ र सबैले अपनत्व बोध गर्नुपर्छ ।

निर्वाचनअघि मैले ठोस रूपमा 'यो बाटो, यो पुल म बनाउँछु' भन्ने किसिमको प्रतिबद्धता गरेको थिइनँ । चुनावमा जाँदा म अनावश्यक कुरा गर्दिनँ । मैले भनेको थिएँ- म विपक्षीलाई गाली गर्दिनँ । गाली गरेर चुनाव जितिन्छ भन्ने सोच्ने हो भने माफ गर्नुहोला, म तेस्रो पटक हार्न तयार छु भनेको थिएँ । अनि अर्को कुरा, खोला देख्नासाथ पुल बनाउँछु भन्ने शैली गलत छ । सांसदले के भन्नुपर्छ भने- म आफ्नो योग्यता र क्षमताले भ्याएसम्म इमान्दारीपूर्वक लाग्ने छु । 'यो गर्छु त्यो गर्छु, भन्दा म जे सक्छु त्यो गर्छु,' भनेर बोलेको थिएँ ।

निजामती विधेयकको 'कुलिङ पिरियड' सन्दर्भमा भएको शब्द फेरबदल गम्भीर त्रुटि हो । हामी सबै त्यसका अंशियार छौं- मात्रात्मकरूपमा कमबेसी होला । यसमा सर्वदलीय छानबिन समिति पनि बनेको छ । तर विधेयकको सन्दर्भमा कम छलफल हुन्छ भन्ने होइन । राज्य व्यवस्था समितिमा निजामती विधेयक पनि लामो समय छलफल भएको थियो । भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न २०७६ सालमा आएको विधेयक पनि सोही समितिले लामो छलफलपछि संसद्मा पठाएको हो ।

कहिलेकाहीँ हतारिएर विधेयक पारित गराउने प्रयास हुन्छ, त्यस्तो रोक्न हामी लागेका छौं । केही दिनअघि संसद्मा प्रस्तुत गर्ने तयारीसहित कार्यसूचीमा राखिएको भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयकमा सहमति जुटाएर मात्र अगाडि बढाउनुपर्ने भन्दै कार्यसूचीबाट हटाउन मैले नै पहल गरेको थिएँ ।

अध्यादेशमार्फत पनि विधेयक आउँछ । संसद्ले स्वीकृत गरेपछि प्रतिस्थापन विधेयकको रूपमा आउँछ । अध्यादेशमार्फत विधेयक ल्याएको कुरामा प्रश्न उठ्छ । आरोप पनि आउँछ- नेपाली कांग्रेसले विपक्षमा हुँदा अध्यादेशको विरोध गऱ्यो, सरकारमा हुँदा समर्थन गऱ्यो । तर यो बिर्सनुभएन कि- २०८१ साल वैशाखमा हामी विपक्षमा हुँदा लगानी सहजीकरणसम्बन्धी विधेयकलाई समर्थन गरेका थियौं । विषयवस्तु हेरेर समर्थन-विरोध गर्नुपर्छ । विषयलाई राम्रोसँग अध्ययन गरेर आवेगविहीन सोचको विकास गर्नुपर्छ ।

कुनै पनि देशमा बलियो कानुन भएमा भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ । भ्रष्टाचारका मुद्दामा सबै दलका नेताहरू परेका छन् । कानुन निर्माण गरेर भ्रष्टाचार नियन्त्रण गर्नुपर्छ भन्नेमा सबैभन्दा अग्रसर नेपाली कांग्रेस देखिएको छ । अख्तियार दुरूपयोग अनुसन्धान ऐन, २०४८ कांग्रेस नेतृत्वको सरकारले ल्याएको हो । भ्रष्टाचार निवारण ऐन, २०५९ पनि कांग्रेस नेतृत्वकै सरकारले ल्याएको हो । कानुन पढेर संसद्मा प्रस्तुत गर्ने कांग्रेसकै मन्त्री जेल जानुभयो । मुलुकी अपराध संहिता, २०७४ पनि कांग्रेस नेतृत्वकै सरकारबाट आएको हो । कांग्रेसले बनाएको कानुनले कांग्रेसकै नेता जेल गएका छन् नि ।

भोलि मैले गल्ती गरे म पनि जेल जान्छु । तर कानुन कार्यान्वयन इमान्दारपूर्वक हुनुपर्छ । आफ्नो दललाई कारबाही गर्दा 'गलत' र प्रतिस्पर्धी दललाई कारबाही गर्दा 'ठीक' भन्ने प्रवृत्ति गलत हो । कानुन कार्यान्वयन गर्ने निकायले पारदर्शी रूपमा काम गर्नुपर्छ । ती निकायहरूलाई राजनीतिमुक्त गराउनुपर्छ । नेपाललाई पूर्णरूपमा भ्रष्टाचारमुक्त बनाउन समय लाग्ला, तर त्यस दिशामा प्रयास भइरहेका छन् ।

अन्य दलको तुलनामा नेपाली कांग्रेसभित्र अलि व्यवस्थित अभ्यास छ । जति लोकप्रिय भए पनि दुई पटकभन्दा बढी जिल्ला वा केन्द्रीय सभापति बन्न पाइँदैन । महाधिवेशन आउनुअघि नै अहिले पाँच जना सभापतिका आकांक्षी देखिनुभएको छ । को बन्छ थाहा छैन, तर अरू दलमाचाहिँ को अध्यक्ष हुन्छ पहिल्यै थाहा हुन्छ । कांग्रेसमा हरेक चार-पाँच वर्षमा महाधिवेशन हुने, प्रतिस्पर्धाको आधारमा नेतृत्व चयन हुने परिपाटी छ । प्रश्न उठाउँदैमा पार्टीबाट निष्कासन हुँदैन । मैले सभापति शेरबहादुर देउवालाई 'तपाईं अब छैटौं पटक प्रधानमन्त्री बन्नुहुन्न' भनेको थिएँ, भोलिपल्ट उहाँसँगै बसेर चिया पियौं । मेरो हातमा स्पष्टीकरणको पत्र परेन नि त ।

पार्टीको महामन्त्री भइसकेको मान्छे सभापति बन्नुपर्छ भन्ने आकांक्षा हुनु अनौठो कुरा होइन । आकांक्षा पूरा गर्नुपर्छ, तर अहिले गर्नुपर्छ भन्ने छैन । म पक्कै जित्छु, तर अहिले होइन । अहिले जसको हातमा जे जिम्मेवारी छ, उसले त्यो जिम्मेवारी इमान्दारितापूर्वक पूरा गर्नुपर्छ । सीधै भन्नुपर्दा, १५औं महाधिवेशनमा नै सभापति बन्ने मेरो आकांक्षा छैन । अरू साथीहरूलाई शुभेच्छा र शुभकामना छ ।

धेरै कुरामा रूपान्तरण जरुरी छ । जलवायु परिवर्तनको असरका कारण हिमालको हिउँ पग्लिएर कालापत्थरमा परिणत भएका छन् । यसको असर विश्वव्यापीरूपमा परेको छ । नेपालले बेमौसमी बाढीका घटना बेहोर्नुपरेको छ । इसिमोड र युएनडिपीका अध्ययनले नेपाल, भारत र चीनमा अवस्थित ४७ वटा हिमताल फुट्न सक्ने देखाएको छ । तीमध्ये २५ चीनमा, २१ नेपालमा र एक भारतमा पर्छ । यी हिमताल जुनसुकै बेला पनि फुट्न सक्छन् । तिनको सतह घटाएपछि मात्रै क्षति न्यूनीकरण गर्न सकिन्छ । असार २४ गते सुप्राग्लेसियर ताल फुट्दा रसुवामा बाढी आयो ।

नेपालले नगरेको गल्तीको सजाय भोगिरहेको छ । त्यसर्थ, जलवायु न्यायका लागि हामीले अन्तर्राष्ट्रिय समुदायमा वकालत बढाउनुपर्छ । जलवायु अनुकूलन, पूर्वसूचना प्रणाली विकास, विपद् व्यवस्थापन र प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । जनचेतना बढाउनुपर्छ । हिमाल हाम्रो सम्पत्ति हो- जलवायु संकटबाट हिमाल जोगाउन पैरवी बढाउनुपर्छ ।

*(नेपाली कांग्रेसका महामन्त्री एवं प्रतिनिधिसभा सदस्य शर्मासँग राससले गत असार अन्तिममा गरेको कुराकानीमा आधारित)*

पाठक मञ्च

## दसैंलाई नयाँ सामान ल्याउन किन डराए व्यापारी ?

हिन्दूहरूको प्रमुख चाड दसैं नजिकिँदै छ । दसैं आउन अब दुई महिनामात्र बाँकी छ । पोहोरसम्म व्यापारीहरूले दसैं आउनुभन्दा तीन-चार महिना अगावै सामानहरू मगाउँथे । रेडिमेड लत्ताकपडा, झोला, जुत्तालगायतका सामान धमाधम गरिन्थ्यो । तर, यसपाला भने अवस्था फेरिएको छ ।

दसैं मुखमा आइसक्यो, व्यापारीहरूले अहिलेसम्म नयाँ सामान आयात गरेका छैनन् । कारण- पुरानै स्टक बाँकी हुनु र सामान ल्याउन पैसाको अभाव हुनु हो । दसैं ठूलो चाड हो । दसैंमा नयाँ लुगा लगाउने चलनचल्ती छ । जसका कारण बजारमा अत्यधिक लत्ताकपडाको खपत हुन्थ्यो ।

दसैं व्यापारीका लागि एउटा कमाउने मौका हो । वर्षभरिको कारोबारभन्दा बढी कारोबार व्यापारीले दसैंमा गर्छन् । चीनबाट १०० रूपैयाँमा ल्याएको सामान महाबौद्ध, न्युरोडलगायतका होलसेल व्यापारीले ३०० रूपैयाँमा बेच्छन् । त्यही सामान पसलमा ल्याएर खुद्रे व्यापारीहरूले एक हजारदेखि १५ सय रूपैयाँसम्ममा बेच्छन् ।

यद्यपि, कमाउने मौकामै व्यापारीहरू हात बाँधेर बसेका छन् । किनकि, बजार डामाडोल छ भन्ने कुरा उनीहरूले पनि राम्ररी बुझेका छन् । सर्वसाधारणसँग पैसा छैन । जसका कारण नयाँ सामान हाल्न उनीहरू डराएका छन् । पोहोरकै सामान नबिकिरहेको अवस्थामा नयाँ सामान हालेर के गर्नु ? भन्ने मनशाय धेरै व्यापारीमा देखिएको छ ।

सर्वसाधारणले खुद्रे व्यापारीबाट सामान किन्छन् । तर, खुद्रे व्यापारीकहाँ नै बिक्री नभएकाले नयाँ सामान लिन होलसेल जानेहरू घटेका छन् । सामान किन्न खुद्रे व्यापारी नआएपछि होलसेल व्यापारीले नयाँ सामान नमगाएका हुन् । व्यापारीहरूले विगतदेखि नै उपभोक्तालाई ठग्दै आएका छन् ।

सस्तोमा सामान ल्याएर महँगोमा बेचिन्छ । न होलसेल व्यापारीले भ्याट बिल दिन्छन् न खुद्रा व्यापारीले । लुगामा व्यापक ठगी हुन्छ भन्ने कुरा सर्वसाधारणले राम्ररी बुझिसकेका छन् । व्यापारीले सस्तोमा ल्याएर आफूहरूलाई दोब्रचाइरहेको छर्लंग भएको छ । पहिले दिनकै पचासौं हजारको व्यापार गर्ने पसलहरूमा अहिले सुख्खाराम लागेको छ ।

दिनको हजार-१५ सयको व्यापार गर्न पनि महामुस्किल छ । भनिन्छ नि, जबसम्म सच्चाइ बाहिर आउँदैन, तबसम्म पनि ठग्ने हो । व्यापारीको हकमा पनि त्यस्तै भएको छ । हिजो व्यापारीले व्यक्ति छानीछानी ठगे । अहिले त्यसको परिणाम भोग्दै छन् । व्यापारीहरूले सर्वसाधारणलाई त लुटे, सरकारलाई पनि छोडेनन् ।

सर्वसाधारणबाट एउटा सामानमा हजारौं रूपैयाँ नाफा खाने अनि राज्यलाई कर पनि नतिर्ने । कुनै बेला सामान किन्नका निम्ति पसलभित्र गएर लाइन बस्नुपर्थ्यो । होटलमासमेत घण्टौं कुर्नुपर्थ्यो । तर, परिस्थिति फेरिएको छ । व्यापारीहरू बोलाइबोलाइ ग्राहकलाई आफ्नो पसलमा लैजान्छन् ।

मुलुकका नाम चलेका सुपरमार्केटहरूको पनि अवस्था उस्तै छ । पहिलेको तुलनामा ग्राहक आधा घटिसकेको छ । यस्तो हुनुको प्रमुख कारण कम गुणस्तरता र अत्याधिक चर्को मूल्य हो । सुपरमार्केटहरूमा लुगा छोइनसक्नु छ । व्यापारीको नियत नै ठग्ने भयो । जसरी हुन्छ ठग्ने अनि आफू मोटाउने ।

व्यापारीमा इमान्दारिता, जवाफदेहिता र नैतिकता हुनुपर्छ । तर, यहाँ त व्यापारको नाममा ठगी मौलाएको छ । भन्ने बेला व्यापारी, गर्नेचाहिँ ठगी । व्यापारीलाई सर्वसाधारणलाई मुर्गा बनाएर आफू कमाउनु छ । अनि त्यो लुटको धन्दा कतिञ्जेल चल्छ ? लुटको अनुहार कहिले न कहिले त बाहिर आइहाल्छ ।

व्यापारीहरूले यत्रो वर्ष ठगे, अहिले उनीहरूको सत्यता बाहिर आएको छ । जसको असर व्यापारीहरूले अहिले भोगिरहेका छन् । व्यापार सुकेपछि व्यापारीहरू सटर छोड्ने निर्णयमा पुगेका छन् । दसैंसम्म हेर्ने, त्यसपछि पनि व्यापार फस्टाएन भने सटर छोड्ने मनशायमा उनीहरू पुगेका छन् ।

व्यापारीहरू बरु व्यापार छोड्न तयार भए तर कम नाफा खाएर सामान बेच्न उनीहरू तयार छैनन् । एउटै सामानबाट उनीहरूलाई दशौं सामानको पैसा उठाउनु छ । त्यसैले त व्यापार खस्किँदै गयो । सर्वसाधारणको नजरमा व्यापारीहरू ठग बन्दै गए । बजार अनुगमनका लागि थुप्रै निकाय छन् ।

तर, कसैले पनि बजार अनुगमन गर्दैनन् । कुन सामानको रेट कति ? मूल्य पनि निर्धारण गर्दैन । खुल्ला अर्थतन्त्र भनेर छाडा छोडिदिएको अवस्था छ । एउटा रोचक कुरा छ, नेपाल उद्योग व्यवसायी महासंघ संस्था ऐन २०१८ अन्तर्गत दर्ता भएको छ । त्यसको छाता संगठनहरू संस्था ऐन २०३४ अन्तर्गत दर्ता भएको छ ।

यो ऐनमा दर्ता भएका उद्योगले कर तिर्नुपर्दैन । यहाँ उद्योग, कलकारखाना छैन तर आफूलाई उद्योग व्यवसायी भन्दै हिँडेका छन् । उद्योग व्यवसायीमा वास्तवमै कति उद्योग छ ? विवरण सार्वजनिक गर्नुपऱ्यो । किन कि सुनदेखि नुन, जनैदेखि गुन्द्रुकसम्म विदेशबाट आयात हुन्छ ।

**– अनुसा थापा, भक्तपुर**



**भक्तजनको घुइँचो** | साउन महिनामा गुल्मीको पवित्र धार्मिकस्थल रेसुंगामा शनिबार पूजाआजाका लागि पुगेका भक्तजन ।

*तस्बिरः जनार्दन घिमिरे/रासस*

# पुवा खोलामा बेलिब्रिज निर्माण, ३६ किलोमिटर दूरी छोटियो

**फिक्कल (इलाम)–** इलाम सदरमुकामदेखि झापाको विर्तामोड जोड्नेछोटोदूरीकोकेचना-कञ्चनजंगा (मेची करिडोर) सडकअन्तर्गत पुवा खोलामा बेलिब्रिज निर्माण भएको छ । सो बेलिब्रिज निर्माणपश्चात् मेची राजमार्गको विकल्प खुलेको छ । इलाम नगरपालिका-९ र ११ जोड्ने पुवा खोलमा पहिलोपटक बेलिब्रिज निर्माण भएपछि स्थानीय बासिन्दा र झापा-इलाम-पाँचथर-ताप्लेजुङ आवतजावत गर्ने सवारीसाधनका लागि छोटो र सुरक्षित बाटोको विकल्प खुला भएको हो । सागर/सुभारम्भ/एरिसा जेभीले सो बेलिब्रिज निर्माण गरेको हो ।

पुल नहुँदा विगतमा यात्रीहरूले जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता थियो । विशेषगरी वर्षायाममा सडक पूर्णरूपमा बन्द हुने गर्दथ्यो । संघीय सरकारको एक करोड ३५ लाख रूपैयाँमा बेलिब्रिज निर्माण गरिएको हो ।



बेलिब्रिज ४८.६ मिटर लम्बाइको भएको सडक डिभिजन इलामका सूचना अधिकारी इञ्जिनियर अर्जुन घिमिरेले बताए ।

इलाम नगरपालिका-९ का वडाध्यक्ष गोपाल चहानले बेलिब्रिज निर्माणसँगै झापा-इलाम सवारी आवागमनमा सहजता आएको बताए । 'पहिले हिउँदमा त सडक प्रयोगमा आउँथ्यो, तर वर्षायाममा पूरै बन्द हुने गर्दथ्यो,' उनले भने, 'बेलिब्रिज निर्माणले बाह्रै महिना सवारी आवागमनमा सहज हुने भएको छ ।'

गत वर्ष पहिरोका कारण दुई साता राजमार्ग बन्द हुँदा यात्रीहरूले ठूलो सास्ती खेपेका थिए । त्यतिबेला वैकल्पिक सडक नहुँदा ताप्लेजुङ, पाँचथर र इलामबाट झापा झरेका यात्रुहरू माईखोला वरिबाट पारीसम्म पैदल र झापाबाट इलाम, पाँचथर र ताप्लेजुङ आएका यात्री पारीबाट वरिसम्म पैदल हिँडेर गाडी परिवर्तन गरेर गन्तव्यमा पुग्न बाध्य भएका थिए ।

हाल पुवा खोलामा बेलिब्रिज निर्माण भएसँगै मेची राजमार्गको गोलाखर्क खण्डबाट सिधैं केचना-कञ्चनजंगा सडक प्रयोग गर्दा ४७ किलोमिटरको दूरीमा झापाको विर्तामोड पुग्न सकिन्छ । मेची राजमार्ग प्रयोग गर्दा ८३ किलोमिटर दूरीमा मात्र विर्तामोड पुग्न सकिन्छ ।

मेची राजमार्गको वैकल्पिक सडकको रूपमा लिइएको सो सडकअन्तर्गत इलाम खण्डको माई नगरपालिका क्षेत्रमा १५ किलोमिटर सडक कालोपत्र भइसकेको छ । बाँकी १७ किलोमिटर खण्डमध्ये १४ किलोमिटर ठेक्का लागेर निर्माण भइरहेको सडक डिभिजन प्रमुख इञ्जिनियर पवन भट्टराईले बताए । *रासस*

# लहानमा ट्यांकीबाट खानेपानी वितरण

**सिरहा (प्रस)–** यहाँको लहान नगरपालिका-२४ खेसराहा टोलमा खानेपानीको चरम अभाव भएपछि शुक्रबार साँझदेखि ट्यांकीबाट पानी वितरण सुरु गरिएको छ । खासगरी उत्तरी भेगका बस्तीमा चापाकल सुकेपछि दैनिक उपभोगका लागि पानीको अभाव भोगिरहेका स्थानीयलाई लक्षित गर्दै बोलेरोमा पानीको ट्यांकी बोकेर गाउँमै पुर्‍याएर वितरण गर्न थालिएको हो ।

'विकन परियोजना' र 'वाटरएड' को सहयोगमा दलित जनकल्याण युवा क्लब लहानले खानेपानीको धारा जडान हुन बाँकी रहेका बस्तीमा लहान खानेपानी संस्थानसँग समन्वय गरेर दुई हजार लिटर क्षमताको ट्यांकीमार्फत पानी वितरण सुरु गरेको हो । नगरप्रमुख महेशप्रसाद चौधरीले स्वयं गाउँ पुगेर पानी वितरण गर्दै भने, 'खानेपानी मानव जीवनको आधार हो । तीन महिनासम्म प्रत्येक व्यक्तिलाई दैनिक चार लिटर पानी निःशुल्क उपलब्ध गराइने छ । आवश्यक परेको खण्डमा यो कार्यक्रम थप लम्ब्याउने तयारी गरिरहेका छौं ।' नगरपालिकाले आगामी पाँच वर्षमा घरघरमा खानेपानीको धारा पुर्‍याउने योजना सार्वजनिक गरिसकेको उनले जानकारी दिए ।

बस्तीमा करिब ६० घरपरिवार छन् । उनीहरूलाई गाग्री र बाल्टिनमा पानी भरिदिने व्यवस्था गरिएको छ । दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेश विसुंकेले भने, 'विकन परियोजनाले २० लाख रूपैयाँ विनियोजन गरिसकेको छ । लहान नगरपालिका र खानेपानी कार्यालयसँग समन्वय गर्दै तीन महिनासम्म यो काम निरन्तर गरिने छ ।'

स्थानीय पूर्णबहादुर सार्कीले पानी पाउँदा राहत मिलेको बताए । 'शुद्ध पिउने पानीले अहिले बाँच्ने आधारजस्तै भएको छ । तर, लुगा धुन, नुहाउन, गाईभैंसीलाई पानी खुवाउन अझै गाह्रो छ । त्यसका लागि आकाशे पानीको प्रतीक्षा गरिरहेका छौं,' उनले भने । खानेपानी संकट लहान-१३, १५, १६, १७ र १८ वडामा देखिएको छ । नगरपालिकाले अब आवश्यकताअनुसार अन्य प्रभावित टोलमा पानी वितरण गर्ने योजना बनाएको छ ।

खडेरीको असरले इनार, पोखरी, हाते कल, सिँचाइका मोटरहरू सबै सुक्न थालेका छन् । लहान-१३ का ६५ वर्षीय कृषक जगबीर यादव भन्छन्, 'छ दशकमा यस्तो खडेरी देखिएको थिएन । सलहेस फूलबारी र सरस्वती खोला पनि सुकिसके ।' पानीको दीर्घकालीन समाधानका लागि चुरे संरक्षण अत्यावश्यक रहेको पर्यावरणविद् दिनेश यादवको भनाइ छ ।

# गण्डकीको प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा 'हिस्टो प्याथोलोजी' सेवा

**गण्डकी (प्रस)–** क्यान्सरलगायत संक्रमणजन्य रोगको प्रयोगशाला परीक्षणका लागि गण्डकी प्रदेश सरकारअन्तर्गत पहिलोपटक 'हिस्टो प्याथोलोजी' सेवा सुरु गरिएको छ । पोखरास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाले गत बिहीबारदेखि उक्त सेवा सञ्चालनमा ल्याएको हो । यस सेवामार्फत शरीरका अंग तथा तन्तुको सूक्ष्म परीक्षण गरी क्यान्सरलगायतका रोग पत्ता लगाउन सकिने प्रयोगशालाका निमित्त प्रमुख डा. विश्वराज बरालले बताए ।

'शरीरको भित्री र बाहिरी अंगको केही भाग निकालेर त्यसको प्रशोधन र सूक्ष्म परीक्षण गरी रोग पत्ता लगाइन्छ,' उनले भने, 'हिस्टो प्याथोलोजी जाँचबाट क्यान्सरलगायत जुनसुकै रोगको निदान गर्न सकिन्छ ।' संघ सरकारअन्तर्गतका अस्पताल र अन्य केही निजी अस्पतालमा यो सेवा केही वर्षअघिदेखि सुरु भए पनि प्रदेशको स्वास्थ्य मन्त्रालयले पहिलोपटक 'हिस्टो प्याथोलोजी' सेवा सुरु गरेको हो ।

स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले प्रदेशको स्वास्थ्य सेवा विस्तार र सुदृढीकरणमा यो सेवाबाट महत्त्वपूर्ण टेवा पुग्ने बताए । 'प्रदेश सरकारमार्फत 'हिस्टो प्याथोलोजी' सेवा सुरु गर्नेमा हामी पहिलो बनेका छौं, प्रयोगशाला जाँचमा अत्याधुनिक प्रविधि भित्र्याएका छौं,' उनले भने, 'क्यान्सर परीक्षणका लागि अन्यत्रका अस्पताल जानुपर्ने बाध्यता हटेको छ, प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाबाट सहजरूपमा यो सेवा उपलब्ध छ ।'

उक्त प्रयोगशालाले बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म सेवा दिँदै आएको छ । सरकारी र निजी जुनसुकै अस्पतालबाट आएका नमूना परीक्षण गर्ने गरिएको प्रयोगशालाका निमित्त प्रमुख डा. बरालले बताए । 'दिनमा ५० देखि एकसय जनासम्म बिरामीलाई परीक्षण सेवा प्रदान गर्दै आएका छौं, प्रयोगशालामा २२ जना कार्यरत छौं,' उनले भने ।

# झाँगिदै सम्बन्धविच्छेदः स्वतन्त्रताको खोजी कि सामाजिक विचलन ?

■ **रामचन्द्र रायमाझी**

**तानसेन (पाल्पा)–** यहाँको बगनासकाली गाउँपालिकाकी एक युवतीले दुई वर्षअघि २१ वर्षको उमेरमा अन्तरजातीय विवाह गरिन् तर उनको दाम्पत्य जीवन तीन वर्ष पनि टिक्न सकेन । एक सन्तानकी आमा उनी विवाह भएको दुई वर्ष पुग्दा नपुग्दै खटपट सुरु भयो । उनलाई श्रीमान् र घरपरिवारबाट घरछेउका छिमेकीको घरमा जाँदा पनि छिमेकीको छोरासँग लागेकी भनेर शंका गर्ने र छोरालाई स्याहार नगरेको आरोप लगाउन थाले ।

आफूमाथिको आरोप मीनालाई सह्य नभएपछि घर झगडा सुरु भयो । श्रीमान्ले दिएको मानसिक तनाव बेहोर्न कठिन भएपछि उनले जिल्ला अदालतमा सम्बन्धविच्छेद (पारपाचुके) सम्बन्धी मुद्दा दर्ता गरिन् । त्यसपछि घरमा थप कलह बढ्यो । उनी आफ्नो घर त्यागेर माइती घरमा बस्न थालिन् । उनको पति-पत्नीको सम्बन्धविच्छेदको मुद्दा गएको जेठ १९ गते अलग हुने सहमतिमा मिलापत्र भयो । हाल ती युवती श्रीमान्बाट अंशसमेत नलिई सम्बन्धविच्छेद् गरेर माइतमा बस्तै आएकी छन् ।

यसैगरी, रम्भा गाउँपालिकाकी अर्की महिलाले पनि सम्बन्धविच्छेद गरेकी छन् । विदेशमा रहेका श्रीमान्सँग अविश्वास बढेपछि बिहे गरेको चार वर्षमा सम्बन्धविच्छेद गर्नुपर्‍यो । तानसेनकी एक महिलाको पनि पीडा उस्तै छ । १३ वर्षको उमेरमा २०५९ सालमा विवाह गरिन् । आमाबुबाको काखमा खेल्ने उमेरमा विवाह गरेकी उनले सोचेअनुसार वैवाहिक जीवन चल्न नसकेपछि जिल्ला अदालत पाल्पाबाट सम्बन्धविच्छेद गरिन् । पतिले मदिरा सेवन गरी कुटपिट गर्ने, मानसिक तथा शारीरिक यातना दिने, अन्य केटीसँग लागेका कारण उनले सम्बन्धविच्छेद गर्नुपरेको बताइन् । 'सानैमा परिवारका केही सदस्यको करकापमा लतारेर विवाह गराइदिए । मैले धेरै दुःख पाएँ, श्रीमान्ले दिएको पीडा सहन नसकेपछि सम्बन्धविच्छेद गरेँ,' उनले भनिन् ।

पारिवारिक खटपट भए पनि यसअघि सम्बन्धविच्छेदमा महिलाहरू मात्रै अग्रसर हुने गरेको देखिन्थ्यो । पछिल्लो समयमा पुरुषहरू पनि सम्बन्धविच्छेदका लागि धमाधम उजुरी दिन थालेका छन् । रम्भा गाउँपालिकाका एक

> पछिल्लो समयमा सामाजिक सञ्जाल, श्रीमान्हरु वैदेशिक रोजगारीमा रहेका महिलाहरु सम्बन्धविच्छेद गर्ने गरेको देखिएको छ । बर्सेनि सम्बन्धविच्छेद गराउनेको संख्या डरलाग्दो रुपले वृद्धि भइरहेको छ । अहिले त पुरुषको संख्या पनि बढ्दै गयो ।
>
> ■ **केशव पराजुली**
> श्रेस्तेदार, जिल्ला अदालत पाल्पा

युवाका आठ वर्षकी छोरी र डेढ वर्षका छोरा छन् । २८ वर्षको उमेरमै दुई छोराछोरी पाइसकेका उनले २४ वर्षकी श्रीमती सीमासँग २०८२ असार १९ गते सम्बन्धविच्छेद गरे । श्रीमतीले टिकटक र फेसबुकमा कुराकानी गरिरहने, आफूसँग निहुँ खोजिरहने र भनेको नमान्ने भएकाले सम्बन्धविच्छेद गर्नुपरेको उनले बताए ।

रामपुरका ३५ वर्षीय अर्का युवाले पनि २७ वर्षीया श्रीमतीसँग सम्बन्धविच्छेद गरे । २०७० मा प्रेमविवाह गरेका उनका पनि सात वर्षका छोरा र दुई वर्षकी छोरी छन् । ती युवाले श्रीमती परपुरुषसँग लागेको थाहा पाएपछि सम्बन्धविच्छेद गरेका हुन् । 'टिकटकमा परपुरुषसँगको भिडियो हाल्ने, परपुरुषलाई कोठामा बोलाउने, घर परिवारका सदस्यले भनेको नमान्ने भएपछि सम्बन्धविच्छेद गरी पाऊँ,' भनी उनले जिल्ला अदालतमा मुद्दा दर्ता गरेका थिए ।

यी त केही प्रतिनिधि पात्रमात्र हुन् । अपरिपक्व विवाह, प्रेम विवाह र वैदेशिक रोजगारीजस्ता कारण पाल्पामा सम्बन्धविच्छेद गर्ने दम्पतीको संख्यामा वृद्धि भएको छ । जिल्ला अदालत पाल्पामा तीन वर्षमा सम्बन्धविच्छेदका मात्र एक हजार ३५६ वटा मुद्दा दर्ता भएका छन् । अदालत पाल्पाका श्रेस्तेदार केशव पराजुलीका अनुसार २०७९/८० मा ४४३, २०८०/८१ मा ४२८ र २०८१/८२ मा ४८५




मुद्दा दर्ता भएका थिए ।

अघिल्लो आर्थिक वर्षमा कूल ८१५ मुद्दा दर्ता भएकामा सम्बन्धविच्छेदका मात्र ४८५ रहेका छन् । अधिकांश वैदेशिक रोजगारीमा जाने युवायुवतीको घरायसी सम्बन्ध बिग्रेर सम्बन्धविच्छेदका लागि अदालतसम्म आउने गरेको भेटिने गरेको श्रेस्तेदार पराजुलीले बताए । उनका अनुसार दर्ता मुद्दामध्ये एक हजार १४२ वटा फर्स्योट भएका छन् । सामाजिक सञ्जालको दुरूपयोग, कम उमेरमा विवाह, वैदेशिक रोजगारजस्ता कारणले गर्दा पारिवारिक बेमेल भएकाले सम्बन्धविच्छेदका मुद्दा बढ्दै गएका हुन् । सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रबाट बढी सम्बन्धविच्छेदका मुद्दा आउने गरेका उनको भनाइ छ ।

अझ रोचक तथ्य के छ भने यहाँ सम्बन्धविच्छेद गर्ने पुरुषको संख्या पनि बढ्दै गएको छ । गत आर्थिक वर्षमा ४८५ थान सम्बन्धविच्छेदका मुद्दा दर्ता भएकामा ६६ वटा मुद्दा पुरुषले दर्ता गरेका थिए । पुरुषले दिएका अधिकांश मुद्दा पक्षमा फैसला भएका छैनन् । महिला अर्थात् पत्नीलाई प्रतिवादी बनाएर पुरुष अर्थात् पतिले सम्बन्धविच्छेद गर्न माग गर्दै मुद्दा दिनेका संख्या बढेको छ । पछिल्लो वर्षमा यस्ता खालका मुद्दा बढेका हुन् । तर, दाबीसहितको प्रमाण अपुग हुने गरेको पाइएको छ । केही पक्षमा फैसला भएको छ । पुरुषले दर्ता गरेका अधिकांश मुद्दामा प्रमाण नपुगेको अदालतका तहसिलदार रामप्रसाद पोखरेलले बताए । विपक्षी महिलाले प्रतिउत्तर नलगाएका मुद्दा र दाबी अनुसारका प्रमाण पुगेका केही मुद्दामामात्रै पुरुषको पक्षमा फैसला भएको पोखरेलको भनाइ छ ।

'पीडा दबाएर बसेका पुरुषहरू पनि नयाँ कानुन आएपछि सम्बन्धविच्छेद गर्न अग्रसर देखिएका हुन्,' श्रेस्तेदार पराजुलीले भने, 'सम्बन्धविच्छेद अहिले फेसन भएको छ, सम्बन्धविच्छेद गर्न पतिपत्नीबीच प्रतिस्पर्धा हुने गरेको देखिएको छ ।' सम्बन्धविच्छेद गर्न आउँदा उनीहरूले कुटपिट गरेको, खान लाउन नदिएको भन्ने गुनासो गर्ने गरेका छन् । तर, वास्तविकता त्योभन्दा फरक भएको पराजुली बताउँछन् । 'पछिल्लो समयमा सामाजिक सञ्जाल, श्रीमान्हरू वैदेशिक रोजगारीमा रहेका महिलाहरू सम्बन्धविच्छेद गर्ने गरेको देखिएको छ,' उनले भने, 'बर्सेनि सम्बन्धविच्छेद गराउनेको संख्या डरलाग्दो रूपले वृद्धि भइरहेको छ । अहिले त पुरुषको संख्या पनि बढ्दै गयो ।'

स्वतन्त्रता र स्वच्छन्दताका नाममा सम्बन्धविच्छेदका घटनाले प्रश्रय पाएको श्रेस्तेदार पराजुली बताउँछन् । उनले भने, 'सकेसम्म पुनः घरबार होस् भनेर हामीले मेलमिलाप गराउने प्रयास गरेका छौं, तर परिस्थिति सोचेअनुरूप नभएपछि एउटा निर्णय गर्न बाध्य छौं ।' यसलाई न्यूनीकरण गर्न समाज र अभिभावक सतर्क नरहने हो भने अझ भयावह बन्ने उनको बुझाइ छ । यसअघि पुरुषले स्थानीय तहमा मिलापत्र हुन नसके स्थानीय तहको सिफारिसमा मात्र अदालतमा मुद्दा दर्ता गर्न पाउने प्रावधान थियो । पत्नीसँग सम्बन्धविच्छेदका लागि पतिले मुद्दा दायर गरे पनि अदालतले मेलमिलापका लागि एक वर्षको समय तोक्ने व्यवस्था थियो । तर, पछिल्लो कानुनले प्रक्रियामा सहज बनाएपछि पत्नीपीडित पुरुषहरू सम्बन्धविच्छेदमा अग्रसर हुने गरेको देखिएको अधिवक्ता शिवप्रसाद देवकोटाले बताए ।

सम्बन्धविच्छेद बढ्नुका मुख्य कारण वैदेशिक रोजगार भएको उनको बुझाइ छ । अधिवक्ता देवकोटो भन्छन्, 'कामको खोजीमा श्रीमान् वैदेशिक रोजगारीमा जाने गरेका छन् । लामो समयसम्म श्रीमान् श्रीमती टाढिँदा दूरीका कारण पनि एकापसमा विश्वास घटेर शंका-उपशंका गर्न थाल्छन् र सम्बन्धविच्छेदको बाटो खुल्छ ।' कम उमेरमा विवाह, प्रेम विवाह, पितृ सतात्मक सामाजिक संरचनाबाट ग्रसितजस्ता कुराले पनि सम्बन्धविच्छेद हुने गरेको उनले बताए । देवकोटाले भने, 'प्रेमी-प्रेमिकाले विवाह हुनुपूर्व एक आपसमा आश्वासन बाँड्ने तर विवाहपछि ती आश्वासन पूरा नगर्ने, अर्कोतर्फ माइतीमा आमा/बुबाले दिने मानसम्मान सासू, ससुराबाट नपाउँदा पनि घरायसी झगडाबाट श्रीमान्, श्रीमतीको सम्बन्ध टुट्न पुग्छ ।' सूचना प्रविधिको प्रयोगबाट हुने विवाहमा पनि सम्बन्धविच्छेद हुने गरेको उनको भनाइ छ ।

सम्बन्धविच्छेदलाई आज पनि पारिवारिकरूपमा कठिन परिस्थितिका रूपमा चित्रण गरिन्छ । दम्पतीले वैवाहिक सम्बन्ध तोडेर अलग हुने निर्णय गर्दा यसको असर उनीहरूका सन्तानमा पर्ने गरेको छ । बच्चाहरूमा त्यस्तो प्रभाव लामो समयसम्म रहने महिला अधिकारकर्मी गंगा पौडेल बताउँछिन् । सम्बन्धविच्छेदका सकारात्मकभन्दा नकारात्मक असर भेटिने उनको भनाइ छ तर सम्बन्धविच्छेदसँग बालबालिकाको उदासीपनसँगै सकारात्मक पक्ष पनि जोडिएको हुन्छ । 'दैनिक हुने झै-झगडाबाट मुक्त हुँदा उनीहरूमा सकारात्मक असर पनि देखिएका हुन्छन्' पौडेल भन्छन् । *रासस*

# प्रभाव दैनिक

रूपशाला

## 'इकु'लाई पत्नी शोक

कलाकार सुलेमान शंकर 'इकु' पत्नीशोकमा परेका छन् । उनकी ४२ वर्षिया पत्नी सम्भना घिमिरेको साउन १० गते निधन भएको हो । निधन अघिल्लो साता भए पनि शुक्रबार मात्र पशुपतिस्थित विद्युतीय शवदाह गृहमा घिमिरेको अन्त्येष्टि गरिएको छ । मिर्गौला पीडित घिमिरे लामो समयदेखि बिरामी थिइन् । घिमिरेको शुक्रबार पारिवारिक सदस्यको उपस्थितिमा अन्त्येष्टि गरियो । गत साता नै निधन भए पनि छोरा अमेरिकामा रहेकाले उनको अन्त्येष्टि ढिलो भएको हो । अञ्जना र इकुका तर्फबाट एक छोरा र एक छोरी छन् ।



आइतबार, १८ साउन, २०८२ (Sunday, 03 August 2025)

# 'बुकी'को फस्टलुक पोस्टर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'बुकी'को फस्टलुक पोष्टर सार्वजनिक गरिएको छ । मोहन केसीको निर्देशनमा निर्माण भएको चलचित्रको निर्माण पक्षले शनिबार फस्टलुक पोष्टर सार्वजनिक गरेको हो ।

हिमालयन म्युजिकल इभेन्ट म्यानेजमेन्ट एन्ड फिल्मसको प्रस्तुति रहेको चलचित्रको पहिलो झलक पोष्टरमा नाम बोक्ने बुकी फूल छ, जुन झपक्क फूलेको छ । लेकाली भूगोलको चौरलाई नजिकै आउँदै गरेको कुहिरोले डम्म छोप्न लागेको छ । चौरमा एक पुरुषसहित सात महिला छन् । जो भलिबल खेलिरहेका छन् ।

भलिबलको नेट र कोर्टसमेत रहेकाले सायद उनीहरू महिला टुर्नामेन्टका लागि तयारी गरिरहेका छन कि ! तर, निर्माण पक्षले प्रष्ट भने पारेको छैन ।

बुकी फूल हिमाली क्षेत्रका पाटनमा वर्षाको समयमा फुल्ने गर्छन् । स्थानीय बासिन्दाले हिमाली क्षेत्रका पाटनलाई बुकी भन्ने हुँदा त्यहाँ फुल्ने फूललाई बुकी फूल भन्ने गरिएको हो । यो चलचित्रले खेलकुद तथा प्रकृतिबिचको सम्बन्धको




कथा भन्ने छ । चलचित्रको कार्यकारी निर्मातामा प्रकाश आले र राजन केसी छन् । निर्मातमा लक्ष्मण सापकोटा, अमिशा काउचा थापा, रमेश थापा लगायत छन् ।

क्रिएटिभ प्रोडुसरमा राजेश थापा र बसुन्धरा खरेल छन् । को-प्रोडुसरमा जितु थापा, सुनील बुढाथोकी छन् ।

कलाकारमा सुरक्षा पन्त, देबेन्द्र बब्लु, रोशनी कार्की, प्रकाश घिमिरे, लक्ष्मीनाथ तिमलसिना, गानु जोशी, अनु दाहाल, सन्दिप बाबु लोहनी, निशा बजगाईं लगायत छन् । चलचित्रको एशोसिएट डिरेक्टरमा आशुका अर्याल, चिफ असिस्टेन्ट डिरेक्टरमा आचार्य गोपाल छन् । विकास गन्दर्भको डीओपी रहेको चलचित्रमा भुपेन्द्र अधिकारीको सम्पादन छ ।

चलचित्रको असिस्टेन्ट डिरेक्टरमा टाईग्रिस, निशा दाहाल, उज्वल अधिकारी, कलर मनोरञ्जन श्रेष्ठ रहेका छन् । लोकेशन साउन्डमा बिसन बस्नेत, सिमान्त थापा, डाइमन्ड आचार्य र निर्जल खत्री छन् । ड्रोनमा टार्जन लिम्बुको रहेको सिनेमामा संगीत दीपक शर्मा र एचबीएन किस्मतको रहेको । राकेश दाहालको पब्लिसिटी डिजाइन रहनेछ । एमयूएमा श्याम मल्ल, प्रोडक्सन हेडमा थम्मन थापा छन् ।

चलचित्र 'बुकी'को छायाकंन काठमाडौ, पोखरा, बाग्लुगंको ढोरपाटन लगायतका क्षेत्रमा गरिएको हो । प्रदर्शन मिति तय नभएको यो चलचित्रलाई २०२६ भित्र रिलिज गर्ने निर्माण पक्षले लिएको छ ।


# सरिताको 'नाच्न दे...'

■ प्रभाव संवाददाता

**काठमाडौं–** गायिका सरिता भारतीले 'नाच्न दे...' गीतको भिडियो सार्वजनिक गरेकी छन् । गीतको लय र शब्द पनि सरिताको छ ।

कृष्ण रसालको कोरियोग्राफी र निर्देशन रहेको गीत 'नाच्न दे...' को भिडियो बिहीबार बेलुका सार्वजनिक गरिएको छ । यो गीतको भिडियो नृत्य प्रधान बनाइएको छ ।

ओम सुनारको संगीत रहेका नाच्न




दे... गीतलाई जुगल डंगोलले रेकर्डिङ तथा नरेश बिबिसीले मिक्सिङ र मास्टरिङ गरेका हुन् ।

यो गीतको भिडियोमा शीर्ष भूमिका पनि सरिता आफैंले निर्वाह गरेकी छन् । अन्य कलाकारमा सोनी कारंजित, सृजना श्रेष्ठ, करुणा श्रेष्ठ, श्वेता श्रेष्ठ काफ्ले, निशा थापा बस्नेत, अविरा रिसाललगायतको अभिनय रहेको छ । छायांकार, सम्पादन राजेन्द्र पाण्डेको रहेको भिडियोलाई 'एसबी क्रियसन नेपाल' युट्युव च्यानलबाट रिलिज गरिएको छ ।

# नेपाल-चीनबीचको संयुक्त कला प्रदर्शनी सुरू



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल र छिमेकी मित्रराष्ट्र चीनबीच कूटनीतिकसम्बन्ध स्थापना भएको ७०औँ वर्ष पुगेको अवसरमा आजदेखि काठमाडौँमा संयुक्त कला प्रदर्शनी सुरु भएको छ ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, सिल्क रोड सिटिज अलाइन्स तथा चाइना कल्चर सेन्टर नेपालको संयुक्त आयोजनामा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान नक्सालमा सुरु भएको कला प्रदर्शनीको पूर्वपरराष्ट्रमन्त्री सुजाता कोइराला र नेपालका लागि चीनका राजदूत छन सोङले संयुक्त रूपमा उद्घाटन गरे ।

कार्यक्रममा पूर्वमन्त्री कोइरालाले यस प्रदर्शनीले राजनीतिकबाहेक दुई देशका जनताबीचको अन्तरहृदय जोड्ने बताइन् । उनले भनिन्, 'यस प्रदर्शनीले कला र संस्कृतिलाई जोड्ने मात्र नभइ दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ र आत्मिय बनाउन मद्दत गर्नेछ ।'

प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले नेपाल र चीनबीच कूटनीतिकसम्बन्ध स्थापना भएको ७०औँ वार्षिकोत्सवको अवसरमा आयोजित कला प्रदर्शनीले सांस्कृतिक तथा कूटनीति सम्बन्ध प्रगाढ बनाउन सहयोगी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । उनले कला केवल सौन्दर्य अभिव्यक्त गर्ने माध्यम मात्र नभइ एकताबद्ध गर्ने एउटा पुलका रूपमा भएको धारणा राखे । चीनका राजदूत सोङले नेपाल-चीनसम्बन्ध आपसी सम्मान, सहयोग र साझेदारीमा आधारित रहेको बताए । उनले दुई देशका कलाकारलाई एउटै मञ्चमा देख्न पाउँदा आफूलाई खुसी लागेको उल्लेख गर्दै आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राखे ।

प्रदर्शनीमा कुलपति हार्तम्छालीसहित पूर्वकुलपतिहरू किरण मानन्धर, केके कर्माचार्य, उपकुलपति लालकाजी लामा, प्राज्ञपरिषद् सदस्य प्रदीप अधिकारी, सौरगङ्गा दर्शनधारी, दिनेश्वर महतो, सञ्जय वान्तवा, अरुणा हिङ्माङलगायत कलाकारका कलाकृति प्रदर्शनीमा राखिएको छ । यस्तै चिनियाँ कलाकारका कलाकृति पनि समावेश छ ।

नेपाली कलाकारका ४४ र चिनियाँ कलाकारका ६० कलाकृति प्रदर्शनीमा राखिएका छन् । उक्त प्रदर्शनीमा १५ जना चिनियाँ कलाकारसमेत सहभागी भएका प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले जानकारी दिए । सो क्रममा चिनियाँ कलाकारले प्रत्यक्ष रूपमा भएको कला कार्यशालामा आफ्नो प्रस्तुति दिएका छन् । प्रदर्शनी यही साउन ३१ गतेसम्म सञ्चालन हुनेछ ।

## रंगशाला

# बारामा अन्तर्राष्ट्रिय आमन्त्रण महिला फुटबल प्रतियोगिता हुने



■ प्रभाव संवाददाता

**निजगढ–** बारामा अन्तर्राष्ट्रिय आमन्त्रण महिला फुटबल प्रतियोगिता आयोजना हुने भएको छ । बाराको जितपुरसिमरास्थित सिमरा भेट्रान क्लबले शनिबार पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिताबारे जानकारी गराएको हो ।

जितपुरसिमरास्थित सिमरा रंगशालामा सञ्चालन हुने प्रतियोगिता भाद्र २१ गतेदेखि २८ गतेसम्म चल्नेछ । प्रतियोगितामा नेपाल र भारतका विभिन्न ८ वटा टिमको सहभागिता रहने आयोजकले जनाएको छ । आयोजक सिमरा भेट्रान क्लब बारा, मोरङ जिल्ला फुटबल संघ, नेपाल एपिएफ क्लब, नेपाल आर्मी क्लब, नेपाल पुलिस क्लब, रौतहट जिल्ला फुटबल संघ, धरान सिटी फुटबल क्लब सुनसरी र खरसाङ गर्ल्स फुटबल एकेडेमी दार्जिलिङ भारतले प्रतिस्पर्धा गर्नेछ ।

प्रतियोगिताको विजेता टोलीले ५ लाख रूपैयाँ प्राप्त गर्नेछ भने उपविजेताले २ लाख ५० हजार रूपैयाँ हात पार्नेछ । प्रत्येक खेलको प्लेयर अफ द म्याचले ५ हजार रूपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगितामा विधागत रूपमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूले समेत नगद प्राप्त गर्नेछन् । प्रतियोगिताको उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्स, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड र उत्कृष्ट प्रशिक्षकले जनही १० हजार रूपैयाँ प्राप्त गर्नेछन् ।

प्रतियोगिता अवधिभरि सर्वोत्कृष्ट प्रदर्शन गर्ने खेलाडीले एक लाख रूपैयाँ प्राप्त गर्नेछन् । सिमरा रंगशालामा फ्लड लाइटमा सञ्चालन हुने प्रतियोगिताको टिकटदर १ सय रूपैयाँ तोकिएको आयोजकले जनाएको छ । टिकटबाट प्राप्त हुने आम्दानी आयोजकले सामाजिक क्षेत्रमा सहयोग गर्ने जनाएको छ । टिकटबाट संकलित रकममार्फत वृद्ध आश्रम, अपांगता भएका व्यक्ती र महिला फुटबल क्लबहरूलाई सहयोग गरिने आयोजकले जनाएको छ ।

# निराजनको गोलमा आर्मी बराबरीमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** विभागीय टोली त्रिभुवन आर्मी फुटबल क्लबले १३४औं डुरान्ड कपमा पुनरागमन गर्दै लद्दाख फुटबल क्लबसँग अंक बाँडेको छ ।

जम्सेदपुरको टाटा स्पोर्ट्स कम्पलेक्समा शनिबार सम्पन्न समूह 'सी'को दोस्रो खेलमा यी दसई टोलीले १-१ गोलको बराबरी खेलेका हुन् । यो नतिजासँगै दुवै टोलीले प्रतियोगितामा पहिलो अंक जोडेका छन् ।

आर्मी पहिलो खेलमा घरेलु टोली जम्सेदपुर फुटबल क्लबसँग ३-२ ले पराजित भएको थियो । लद्दाखको भने यो पहिलो खेल हो । खेलको २३औं मिनेटमा कर्नरबाट आएको बलको सदुपयोग गर्दै सेन्टर ब्याक सिजुले हेडरमार्फत लद्दाखलाई अग्रता दिलाएका थिए । तर, पहिलो हाफ सकिन पाँच मिनेट बाँकी छँदा युवा स्ट्राइकर नीराजन धामीले बराबरी गरे ।



**एसियन बक्सिङ च्याम्पियनसिप**

# नेपालका अप्रियको विजयी सुरुआत

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसियाली बक्सिङ कन्फडरेशन (एएसबिसी) को आयोजनामा मित्र राष्ट्र थाइल्याण्डको राजधानी बैकंक शहरमा जारी (यू-२२ र युथ) एसियाली बक्सिङ च्याम्पियन्सिपमा नेपाली मुक्केवाज अप्रिल रानाले पहिलो खेलमा जित हासिल गरेका छन् । नेपाली मुक्केबाज रानाले ५० केजी तौलसमूहमा साउदी अरबका मुक्केवाज इब्राहीमलाई ५-० अंकको आधारमा जिबत हासिल गरेको बक्सिङका अन्तराष्ट्रिय को-ओर्डिनेटर श्यामकाजी अवालेले जनाएका छन् ।

रानाले क्वाटरफाइनलमा भुटानी मुक्केवाजसँग प्रतिस्पर्धा गर्नेछन् । भुटानी बक्सरलाई पराजित गरेमा नेपालले अप्रिलले कम्तीमा कांस्य निश्चित गर्ने छ ।

अगष्ट १ मा सम्पन्न खेलहरूमा यू- १९ को खेलमा सेरफ शेर्पा ६० केजी तौलसमूहमा फिलिपिनी मुक्केवाजसंग आरएसीसीका आधारमा पराजित भए ।

आईबिए थ्री स्टार कोच दिपक महर्जनको नेतृत्वमा ४ मुक्केवाज सहित ५ सदस्यीय नेपाली राष्ट्रिय बक्सिङ टोली जुलाई ३० मा बैकंक प्रस्थान गरेको थियो । को-ओर्डिनेटर अवालेका अनुसार प्रतियोगितामा २५ राष्ट्रका ५ सय भन्दा बढी खेलाडी सहभागी छन् ।



उत्तरी चीनको भित्री मंगोलिया स्वायत्त क्षेत्रको एर्डोस सहरस्थित डालाड ब्यानरमा रहेको मरुभूमिको रमणीय क्षेत्रमा मरुभूमि अफ–रोडिङको अनुभव लिन लाइनमा उभिएका मानिसहरू । *तस्बिरः सिन्ह्वा*

# अमेरिकी कर नीति र रोजगारीको घट्दो दरले बजारमा नकारात्मक असर

**लण्डन–** संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले थुप्रै देशहरूमा नयाँ भन्सार कर लगाउने निर्णय गरेका छन् । त्यसैगरी, अमेरिकामा रोजगारीको संख्या अपेक्षाभन्दा कम देखिएपछि चिन्ता थपिएको छ । यी दुई कारणले गर्दा शुक्रबार विश्वका प्रमुख सेयर बजारहरूमा उल्लेखनीय गिरावट आएको छ ।

अमेरिकी डाउ जोन्स सूचकांक १.२ प्रतिशतभन्दा बढीले घटेर खुलेको छ भने पेरिस र फ्रांकफर्टका सेयर बजार दुई प्रतिशतभन्दा धेरैले ओरालो लागेका छन् । अमेरिकी डलरले पनि प्रमुख मुद्राहरूको तुलनामा आफ्नो पहिलाको लाभ गुमाएको छ । ट्रम्पले अगस्ट १ को म्याद अगाडि नयाँ शुल्कको घोषणा गरे, जसले विभिन्न देशलाई सम्झौतामा आउन दबाब दिएको थियो ।




## कमजोर रोजगारी तथ्यांकले बजारमा झनै दबाब

अमेरिकी श्रम विभागका अनुसार जुलाई महिनामा केवल ७३ हजार नयाँ रोजगारी सिर्जना भएको छ, जुन विश्लेषकहरूको अपेक्षाभन्दा निकै कम हो । साथै, मे र जुन महिनाको रोजगार तथ्यांकलाई पनि घटाएर संशोधन गरिएको छ ।

हत्य ट्रेडिङ समूहकी अनुसन्धान निर्देशक क्याथलीन ब्रुक्सले भनिन्, 'अब रोजगारीको तथ्यांकले बजारको ध्यान पूरै तानेको छ । ट्रम्पका भन्सार शुल्कभन्दा पनि यो समाचार प्रभावशाली भएको छ ।'

## स्विट्जरल्याण्ड र क्यानडा प्रमुख निशानामा

ट्रम्प प्रशासनले ७० देशमाथि नयाँ शुल्क लगाएको छ, जसमा क्यानडामाथि ३५ प्रतिशत र स्विट्जरल्याण्डमाथि ३९ प्रतिशत शुल्क प्रस्ताव गरिएको छ । स्विस सरकारले त्यसविरुद्ध अमेरिकासँग वार्ता गर्ने तयारी गरिरहेको जनाएको छ ।

केही देशहरू बेलायत, युरोपेली संघ, जापान र दक्षिण कोरियाले शुल्कबाट बच्न अमेरिकासँग सम्झौता गरिसकेका छन् । चीन भने वार्ताको प्रक्रियामा छ ।

## फार्मा र प्रविधि कम्पनीमाथि असर


ट्रम्पले अमेरिकी बजारमा औषधिको मूल्य नघटाएमा कडा कदम चाल्ने चेतावनी दिएपछि युरोपेली औषधि कम्पनीहरूको सेयर मूल्य घटेको छ । यता, प्रविधि कम्पनीहरूले राम्रा आर्थिक नतिजा देखाए पनि बजारमा अनिश्चितताले ती परिणामहरू ओझेलमा परेका छन् । रासस/एएफपी

# बंगलादेशले क्रान्तिको पहिलो वर्षगाँठका अवसरमा प्रजातान्त्रिक सुधारका कार्यक्रम सार्वजनिक गर्ने

**ढाका–** बंगलादेशको अन्तरिम सरकारले विगतको निरंकुश शासन सत्तालाई अपदस्थ गरेको एक वर्ष पूरा भएको उपलक्ष्यमा अगस्ट ५ तारिखका दिन प्रजातान्त्रिक आमूल परिवर्तनका कामहरूको सूची जारी गर्ने शनिबार जनाएको छ ।

करिब १७ करोड जनसंख्या रहेको बंगलादेशमा विद्यार्थी नेतृत्वको विद्रोहले राजनीतिक परिवर्तन ल्याएको हो । सन् २०२४ अगस्ट ५ मा तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई पदच्युत गरी १५ वर्ष लामो शासन अन्त्य गरेपछि नयाँ सरकार गठन भएको हो । नोबेल शान्ति पुरस्कार विजेता ८५ वर्षीय मोहम्मद युनुसले निर्वाचन नहुञ्जेलका लागि कामचलाउ सरकारको प्रमुख सल्लाहकारको रूपमा नेतृत्व गरिरहेका छन् ।

युनुसले यसअघि प्रजातान्त्रिक संस्थाहरूको सुधारका लागि 'ठूलो प्याकेज' सार्वजनिक गर्ने प्रतिबद्धता जनाएका थिए ।



सन् २०२६ को सुरुमा हुन लागेको चुनावअघि राजनीतिक दलहरूबीच सत्ताका लागि होडबाजी चल्दा सहमतिको प्रयासमा सुस्तता छाएको छ । युनुसको सरकारले राजनीतिक शक्ति संघर्षले प्राप्त उपलब्धिलाई खतरामा पार्ने चेतावनी दिएको छ ।

जुलाई २९ मा युनुसले आफू समावेशी, सहभागितामूलक र विश्वसनीय निर्वाचन प्रदान गर्ने नयाँ राजनीतिक प्रणालीका लागि व्यापक राष्ट्रिय सहमति निर्माण गर्न लागि परेको बताएका थिए । युनुसको कार्यालयले शनिबार भनेको छ, 'जनविद्रोहमा संलग्न सबै राजनीतिक दलहरूको उपस्थितिमा जुलाईको घोषणाअनुसार राष्ट्रसमक्ष कार्यक्रम प्रस्तुत गरिने छ ।'

हसिनाको शासनकालमा उनका राजनीतिक विरोधीहरूलाई सामूहिक हिरासत र गैरन्यायिक हत्या गर्नेलगायतका व्यापक मानवअधिकार उल्लंघन भएका थिए । उनको सरकारमाथि अदालत र निजामती सेवाको राजनीतिकरण गरेको, एकतर्फी निर्वाचन गराएको र आफ्नो शक्तिमाथिको लोकतान्त्रिक नियन्त्रणलाई ध्वस्त पारेको आरोप पनि लागेको थियो ।

आन्दोलनको चरम उत्कर्षपछि ७७ वर्षीया हसिना भागेर भारत पुगेकी थिइन् । उनलाई उनको शासनकालमा भएका भनिएका मानवताविरुद्धको अपराधको अभियोगमा चलिरहेका मुद्दाको सुनुवाइका लागि उपस्थित हुन अदालतले आदेश दिएको छ तर उनले ती मुद्दा राजनीतिक प्रतिशोधका कारण लगाइएको भन्दै आदेशको अवहेलना गरेकी छन् ।

सन् २०२४ जुलाई १ मा विश्वविद्यालयका विद्यार्थीहरूले सार्वजनिक क्षेत्रको जागिरका लागि कोटा प्रणालीमा सुधारको माग गर्दै सुरू गरेको विरोध प्रदर्शनले अन्ततः उनको शासनमाथि नै धावा बोलेको थियो । सन् २०२४ को अगस्ट ५ मा हजारौं प्रदर्शनकारीले हसिनाको दरबारमा प्रवेश गरेपछि उनी परिवारका सदस्य तथा निकट सहयोगीसहित हेलिकप्टरमार्फत भारतमा शरण लिन पुगेकी थिइन् । *रासस/एएफपी*

# गाजावासीलाई नगद सहायता दिइए पनि बजारमा खाद्यान्न अभाव : संयुक्त राष्ट्रसंघ

**संयुक्त राष्ट्र–** राहतकर्मीहरूले गाजामा झण्डै १० हजार भोकमरीपीडित परिवारलाई खाद्यान्न किन्नका लागि नगद सहयोग दिएका छन् । तर, बजारमा खाद्यान्न कम भएका कारण उनीहरूलाई खरिद गर्न कठिनाइ भएको छ ।

संयुक्त राष्ट्रको मानवीय सहायता समन्वय कार्यालयका अनुसार बजारका मूल्यहरू धेरै अस्थिर छन् र धेरै मानिसका लागि ती पहुँच बाहिर छन् । इजरायलले राहत सामग्री पठाउन केही अनुमति दिए पनि गाजामा आवश्यक सहयोग पर्याप्तरूपमा पुग्न सकेको छैन । सहायता सामग्री लैजाने गाडीहरू तोकिएका बाटोमा अवरोध र जोखिमको सामना गरिरहेका छन् ।

धेरै महिनादेखि खाद्यान्न अभावले जनजीवन झनै कठिन बनेको छ भने, खाना खोज्न जाँदा धेरै मानिस घाइते वा मारिएका छन् । विगत दुई दिनमामात्रै १०० भन्दा बढी मानिस खाद्यान्न ढुवानीमार्ग वा इजरायली सैनिक वितरण केन्द्र नजिकै मारिएका छन् ।



संयुक्त राष्ट्र बाल कोषका उपकार्यकारी निर्देशकले भने, 'हामीलाई दिनमा करिब ५०० ट्रक सहायता सामग्री ल्याउन जरुरी छ ताकि स्थिति सुधार होस् र जनताका पीडा कम होस् । सबै नाका र मार्ग प्रयोग गरी गाजामा आवश्यक सामान पुऱ्याउनुपर्छ ।'

इन्धनको आपूर्तिमा पनि समस्या छ । केही मात्रामा इन्धन गाजामा पुगेको भए पनि अझै अत्यन्त कम छ । स्वास्थ्य सेवा, खानेपानी, सरसफाइ र आपत्कालीन सञ्चारका लागि दैनिक धेरै लाखौं लिटर इन्धन आवश्यक पर्छ । मानवीय सहायता ल्याउने गाडीहरू कहिलेकाहीँ बाटोमा रोक्नुपर्ने भएकाले कार्य पूरा गर्न धेरै समय लाग्ने अवस्था छ । *रासस/एएफपी*

# श्रीलंकामा बस दुर्घटना, ४० भन्दा बढी मजदुर घाइते



**कोलम्बो–** श्रीलंकाको सबरगमुवा प्रान्तस्थित डेहिओविटा क्षेत्रमा शनिबार बिहान भएको बस दुर्घटनामा ४० भन्दा बढी गार्मेन्ट कारखानाका कामदारहरू घाइते भएका छन् ।

प्रहरीका अनुसार बस अनियन्त्रित भई सडकबाट चिप्लिएर तल खसेको थियो । सबै घाइतेहरूलाई उपचारका लागि नजिकैको क्षेत्रीय अस्पतालमा भर्ना गरिएको छ ।

दुर्घटनास्थल रहेको डेहिओविटा पहाडी क्षेत्र हो र दुर्घटनाको समयमा सडक वर्षाका कारण चिप्लो भएको प्रहरीले जनाएको छ । दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन अनुसन्धान भइरहेको छ ।

श्रीलंकाको पहाडी क्षेत्रमा यस्ता दुर्घटना विशेषगरी वर्षायाममा बारम्बार हुने गरेको जनाइएको छ । *रासस/सिन्ह्वा*

# जोर्डन, जर्मनीलगायत अन्य देशको संयुक्त प्रयासमा गाजामा मानवीय सहायता

**गाजा–** जोर्डन, इजिप्ट, जर्मनी, संयुक्त अरब इमिरेट्स (युएई), फ्रान्स र स्पेनले अगस्ट १ मा गाजा क्षेत्रमा संयुक्तरूपमा मानवीय राहत सामग्री खसालेका छन् । जोर्डनको जराकस्थित सैनिक हवाइ अड्डाबाट सुरु गरिएको अभियानअन्तर्गत गाजामा करिब ५७ टन अत्यावश्यक सामग्री पठाइएको हो ।

जोर्डनको सेनाले जारी गरेको विज्ञप्तिअनुसार राहत सामग्रीमा खाद्यान्न, शिशुहरूका लागि दूध (फर्मुला) र अन्य अत्यावश्यक सामग्री समावेश छन् । यी सामग्रीहरू जोर्डन, जर्मनी, युएई, फ्रान्स र स्पेनका हवाइजहाजमार्फत गाजामा खसालिएका हुन् । पछिल्लो साता फेरि सुरु गरिएको राहत कार्यअन्तर्गत हालसम्म जम्मा १४८ टनभन्दा बढी सामग्री गाजामा पुऱ्याइएको सेनाले जनाएको छ ।

इजरायली सेनाले पनि यस अभियानमा समन्वय गरेको छ । सेनाका अनुसार, यसपटक पहिलोपटक जर्मनी, फ्रान्स र स्पेन सहभागी भएका छन् । यसअघि इजरायल, जोर्डन, इजिप्ट र युएईबीच मात्र सहकार्य हुँदै आएको थियो । इजरायली सेनाले गाजामा भोकमरी जानाजान गराइएको भन्ने आरोप अस्वीकार गर्दै अन्तर्राष्ट्रिय समुदायसँग मिलेर राहत पुऱ्याउने काम जारी राख्ने बताएको छ ।

तर अर्कोतर्फ, प्यालेस्टिनी सरकारी समाचार संस्था वाफाका अनुसार, सोही दिन इजरायली फौजको आक्रमणमा २४ जना प्यालेस्टिनी नागरिकको ज्यान गएको छ । तीमध्ये पाँच जना राहत खोज्न गएका बेला मारिएको बताइएको छ । राहत सामग्री खसाल्ने कार्यले गाजावासीलाई केही राहत दिएको भए पनि, लगातार भइरहेको हिंसा र नागरिक हताहतीले संकट अझै गहिरिएको देखिन्छ । *रासस/सिन्ह्वा*

# टर्कीले सिरियामा विद्युत् उत्पादनमा सघाउन अजरबैजानबाट ग्यास आपूर्ति सुरू

**इस्तानबुल–** टर्कीले शनिबार अजरबैजानबाट सिरियामा प्राकृतिक ग्यासको आपूर्ति सुरु गरेको छ । गृहयुद्धका कारण सिरियाको विद्युत् पूर्वाधार ध्वस्त भएको थियो । गत डिसेम्बरमा बशर अल असदलाई सत्ताच्यूत गरेका सिरियाका इस्लामिक अधिकारीहरूले दैनिक २० घण्टाभन्दा बढी विद्युत् कटौती भइरहेको क्षतिग्रस्त देशको पुनर्निर्माणका लागि कोसिस गरिरहेका छन् ।

सिरियाका ऊर्जामन्त्री अजरबैजानका अर्थमन्त्री र कतारको विकास कोषका प्रमुखको उपस्थितिमा आयोजित एक समारोहमा बोल्दै टर्कीका ऊर्जामन्त्री अल्पर्स्लान बेराक्टारले यो पहलले सिरियालाई सामान्यीकरण गर्न सहयोग पुग्ने बताए । 'प्रारम्भिक चरणमा प्रतिवर्ष दुई अर्ब क्युबिक मिटरसम्म प्राकृतिक ग्यास सिरिया निर्यात गर्न सकिन्छ,' सिरियाली सीमा नजिकैको दक्षिणी प्रान्त किलिसमा आयोजित समारोहमा बेराक्टारले भने । दमास्कसले उक्त ग्यास विद्युत् उत्पादनका लागि प्रयोग गरिने बताएको छ ।

'यो ग्यासले करिब ५० लाख घरधुरीको विद्युत् आवश्यकता पूरा गर्न करिब एक हजार २०० मेगावाट क्षमताको विद्युत् गृहलाई सक्रिय बनाउन मद्दत गर्ने छ,' उनले भने, 'हामी अलेप्पो र अलेप्पोबाट होम्ससम्म प्राकृतिक ग्यास ढुवानी गर्ने छौं । यसले निकट भविष्यमै त्यहाँका विद्युत् गृहहरू सञ्चालनमा ल्याउन सक्षम बनाउने छ ।' सिरियामा विद्युत् उत्पादनका लागि ग्यास आपूर्ति गरी सहयोग गर्ने कतारी योजनाको पहिलो चरण गत मार्चमा जोर्डन हुँदै सुरु भएको थियो र दैनिक ४०० मेगावाट विद्युत् उपलब्ध गराइएको थियो । *रासस/एएफपी*

## इजरायली सेना प्रमुखको चेतावनी–

# बन्धक मुक्त नगरेसम्म युद्ध जारी रहन्छ

**जेरुसेलम–** इजरायलका शीर्ष जनरल इयाल जमीरले प्यालेस्टिनी इलाकामा बन्धकहरूको छिटो रिहाइ गर्ने वार्ता असफल भएमा गाजामा लडाइँ जारी रहने चेतावनी दिएका छन् ।

सेना प्रमुख लेफ्टिनेन्ट जनरल जमीरले गाजाका अधिकारीहरूलाई सम्बोधन गर्दै विज्ञप्तिमार्फत आगामी दिनमा बन्धकहरूको रिहाइका लागि सहमतिमा नपुगे युद्ध जारी रहने बताएका छन् । इजरायली सेनाले सार्वजनिक गरेको फुटेजमा जमीरले कमाण्ड सेन्टरमा सैनिक र अधिकारीहरूलाई भेट्दै गरेको देखाइएको छ ।

प्यालेस्टिनी सशस्त्र समूहहरूले यस हप्ता बन्धकहरूको दुईवटा भिडियोहरू सार्वजनिक गरेको जनाइएको छ । यसअघि युक्त राज्य अमेरिका, इजिप्ट र कतारको मध्यस्थतामा-युद्धविराम र बन्दकहरूको रिहाइका लागि आयोजित वार्ता सफल हुन नसकेपछि हाल युद्धविरामका लागि अन्तर्राष्ट्रिय दबाब बढी रहेको छ ।


यसैबीच सहायता एजेन्सीहरूले गाजानहरूले सहायतामा इजरायली प्रतिबन्धले उत्पन्न विनासकारी अनिकालको सामना गरिरहेको चेतावनी दिएका छन् । तथापि, जमीरले यी आरोपहरूलाइ अस्वीकार गर्दै गाजामा बासिन्दाहरूको हत्या र पीडाको जिम्मेवार हमास भएको उल्लेख गरेका छन् । *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९३१०० | प्रति तोला – ० | प्रति तोला – २२३५ |



**सुन्दर लुगुम** | राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको छेउमै रहेको लुगुम गाउँ। बागलुङसँग सीमा जोडिएको पूर्वी रुकुमको भूमे गाउँपालिका–१ मा पर्ने यो गाउँले लोकमार्गमा यात्रा गर्ने यात्रुको ध्यान खिच्ने गरेको छ। *तस्बिरः डम्मर बुढामगर/रासस*

# भटमास तेलको निर्यात ११ हजार प्रतिशतले बढ्यो

■ हेमन्त जोशी

**काठमाडौं–** गत आर्थिक वर्ष २०८१/८२ मा नेपालले निर्यात गरेका वस्तुमा भटमास तेलको हिस्सा सबैभन्दा धेरै छ। फलामजन्य वस्तु र धागोपछि बढी निर्यात भएका वस्तुको चौथो स्थानमा सूर्यमुखी तेल छ। नेपालको आफ्नै उत्पादन नभइ बाहिरबाट आयात गरेर प्रशोधन र प्याकेजिङ गरी निर्यात भइरहेका यी वस्तुको आयात र निर्यात गत आर्थिक वर्षमा अस्वाभाविक रूपमा बढेको देखिएको छ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अनुसार गत आवमा भटमास तेलको निर्यात ११ हजार सात सय ३२ प्रतिशतले बढेको छ। नेपालले गतवर्ष गरेको कूल निर्यातमा भटमास तेलको हिस्सा मात्रै ३८ दशमलव ५ प्रतिशत छ। कुल रू दुई खर्ब ७७ अर्बको निर्यात गर्दा भटमास तेलको हिस्सा मात्रै रू एक खर्ब छ अर्ब ७९ करोड बराबर छ। 'समीक्षा अवधिमा भटमासको तेलको निर्यातमा ११ हजार ७३३ प्रतिशतले वृद्धि भई रू एक खर्ब छ अर्ब ७९ करोड पुगेको छ। फलाम तथा फलामजन्य उत्पादनको निर्यातमा छ दशमलव ०१ प्रतिशतले ह्रास आई रु १६ अर्ब ३६ करोडमा झरेको छ', केन्द्रले सार्वजनिक गरेको गत आवको वैदेशिक व्यापार वस्तुस्थिति प्रतिवेदनमा भनिएको छ।

यस्तै, सूर्यमुखी तेलको निर्यातमा सात हजार ४३६ प्रतिशतले वृद्धि भई रु १२ अर्ब ३३ करोड पुगेको पनि प्रतिवेदनमा उल्लेख छ। केन्द्रका अनुसार गत आवमा धागोको निर्यातमा १९ दशमलव ८५ प्रतिशतले वृद्धि भई रु १४ अर्ब ४० करोड पुगेको छ। ऊनी गलैंचाको निर्यातमा पनि एक दशमलव ९३ प्रतिशतले वृद्धि भई रु १० अर्ब ७८ करोड पुगेको छ। विदेशबाट कच्चा र अर्धप्रशोधित आयात गरेर सामान्य मूल्य अभिवृद्धिपछि निर्यात भइरहेका वस्तुको हिस्सा बढ्दै जाँदा नेपालका आफ्नै उत्पादनमा निर्यात भने अघिल्लो आर्थिक वर्षको तुलनामा घटेको देखिएको छ।

'तयारी पोसाकको निर्यातमा दुई दशमलव ३९ प्रतिशतले ह्रास आई रु आठ अर्ब ७५ करोडमा सीमित भएको छ भने प्लाइउडको निर्यातमा चार दशमलव २६ प्रतिशतले ह्रास आई रु सात अर्ब ०९ करोड पुगेको छ', केन्द्रको प्रतिवेदनमा भनिएको छ, 'कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अलैंचीको निर्यातमा तीन दशमलव २४ प्रतिशतले ह्रास आई रु सात अर्ब ६८ करोड पुगेको छ।' जुसको निकासीमा ११ दशमलव ४१ प्रतिशतले ह्रास आई रु सात अर्ब ७२ करोडमा झरेको छ भने अदुवाको निर्यातमा ५० दशमलव ३८ ले ह्रास आई रु ५८ करोडमा सीमित भएको छ।

केन्द्रका अनुसार गत आर्थिक वर्षमा जुट तथा जुटका उत्पादनको निर्यातमा १६ दशमलव ८१ प्रतिशतले वृद्धि भई रु आठ अर्ब २३ करोड पुगेको भएको छ। यस्तै, ऊनी फेल्टको निकासीमा ७१६ प्रतिशतले बढेर रू पाँच अर्ब १४ करोड पुगेको छ। यसैगरी कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अर्को उत्पादन चियाको निर्यातमा पनि २६ दशमलव ६४ प्रतिशतले वृद्धि भई रू चार अर्ब ५९ करोड पुगेको छ। पिना (आयल केक) को निर्यातमा २२ दशमलव ८० प्रतिशतले वृद्धि भई रू तीन अर्ब ६३ करोड पुगेको केन्द्रले जनाएको छ।

नेपालको निकासी व्यापारमा प्रमुख स्थान ओगट्ने भारततर्फको निर्यातमा गत आर्थिक वर्षमा मात्रै ११७ दशमलव ८ प्रतिशतले वृद्धि भई रू दुई खर्ब २४ अर्ब ६८ करोड पुगेको छ। नेपालको कूल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ६७ दशमलव ७१ प्रतिशत रहेकामा गत आवमा सो हिस्सा ८१ दशमलव १० प्रतिशत पुगेको छ। नेपालको निर्यात व्यापारमा महत्वपूर्ण रहेका अन्य मुलुकमा संयुक्त राज्य अमेरिका, जर्मनी, युके, युएई, चीन, फ्रान्स, अष्ट्रेलिया, जापान, इटाली, क्यानडा, टर्की, नेदरलेण्ड्स र अफगानिस्तान प्रमुख रूपमा रहेका छन्।

यसैगरी आयाततर्फ पनि सबैभन्दा बढी वृद्धि देखिएको वस्तुमा कच्चा भटमास तेल पहिलो स्थानमा छ। गत आवमा कच्चा भटमास तेलको आयातमा ७११ दशमलप ९६ प्रतिशतले वृद्धि भई रु एक खर्ब आठ अर्ब ९५ करोड पुगेको छ।

गत आवमा अघिल्लो आर्थिक वर्षको तुलनामा पेट्रोलियम पदार्थको आयातमा चार दशमलव २९ प्रतिशतले ह्रास आई रु दुई खर्ब ८७ अर्ब ६५ करोडमा झरेको छ। फलाम तथा स्टिल र तिनका उत्पादनको आयातमा १० दशमलव १८ प्रतिशतले वृद्धि भई रु एक खर्ब ६२ अर्ब ५० करोड पुगेको छ। मेसिनरी तथा पाटपुर्जाको आयातमा १२ दशमलव ९८ प्रतिशतले वृद्धि भई रु एक खर्ब २४ अर्ब १५ अर्ब पुगेको छ।

यस्तै, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामग्रीको आयातमा पाँच दशमलव ६८ प्रतिशतले वृद्धि भई रु ७३ अर्ब ८८ करोड, यातायातका साधन र तिनका पार्टपुर्जाको आयातमा २७ दशमलव २६ प्रतिशतले वृद्धि भई रु एक खर्ब नौ अर्ब १२ करोड पुगेको छ। कच्चा पाम तेलको आयातमा भने ३५ दशमलव ६८ प्रतिशतले ह्रास आई रु छ अर्ब ८२ करोडमा सीमित भएको छ।

यसैगरी, गत आर्थिक वर्षमा अन्नको आयातमा ३२ दशमलव ७२ प्रतिशतले वृद्धि भई रु ६० दशमलव ७८ अर्ब पुगेको छ भने तयारी पोसाकको आयातमा १६ दशमलव ७९ प्रतिशतले वृद्धि भई रु ४१ अर्ब पुगेको छ। गत आवमा रू ४३ अर्ब ०८ करोड बराबरको दूरसञ्चारका सामग्री र रू १९ अर्ब ९५ करोड बराबरको सुन आयात भएको पनि केन्द्रले जनाएको छ। *रासस*

**के कति प्रतिशतले बढ्यो/घट्यो ?**

- ▲ भटमास तेल ११ हजार प्रतिशत
- ▲ सूर्यमुखी तेल ७ हजार प्रतिशत
- ▲ ऊनी फेल्ट ७१६ प्रतिशत
- ▲ चिया २६.६४ प्रतिशत
- ▲ धागो १९.८५ प्रतिशत
- ▼ अदुवा ५०.३८ प्रतिशत
- ▼ फलाम तथा फलामजन्य ६.०१ प्रतिशत
- ▼ जुस ११.४१ प्रतिशत

# माथिल्लो सेती जलविद्युत्मा कुमारी बैंकको अगुवाइमा वित्तीय व्यवस्थापन

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुदूरपश्चिम प्रदेशको बझाङमा निर्माण हुने २१६ मेगावाट क्षमताको बझाङ माथिल्लो सेती जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन भएको छ।

बझाङको साइपाल गाउँपालिका-४ र ५ मा निर्माण हुने सो आयोजनाको लागि कुमारी बैंक लिमिटेडको नेतृत्वमा तथा एनएमबी बैंक लिमिटेडको सहनेतृत्वमा वित्तीय व्यवस्थापन भएको हो। यस्तै, सो आयोजनामा माछापुच्छे बैंक, हाइड्रोइलेक्ट्रीसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी, लक्ष्मी सनराईज बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, प्रभु बैंक, नेपाल एसबिआई बैंक, एनआइसी एशिया बैंक, कृषि विकास बैंक, लुम्बिनी विकास बैंक, साङ्ग्रिला डेभलपमेन्ट बैंक, कामना सेवा विकास बैंक र आइसिएफसि फाइनान्स सहितको सहवित्तीय व्यवस्थापन भएको छ।

शुक्रबार यहाँ आयोजित एक विशेष समारोहकाबीच कुमारी बैंक र आयोजनाको प्रवर्द्धक कम्पनी समृद्धि इनर्जी लिमिटेडबीच वित्तीय व्यवस्थापन सम्झौतामा हस्ताक्षर गरिएको छ। सम्झौतामा कुमारी बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनाल र प्रवर्द्धक कम्पनी समृद्धि इनर्जी लिमिटेडको तर्फबाट अध्यक्ष शैलेन्द्र गुरागाईंले हस्ताक्षर गरेका हुन्।

करिब रू ४१ अर्ब ६० करोड लागतमा निर्माण हुन लागेको आयोजनालाई ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपूँजिको अनुपातमा अघि बढाइने छ। सो आयोजना अर्ध जलाशययुक्त नदी प्रवाह प्रणालीमा आधारित छ, जसमा चार दशमलव पाँच घण्टाको पिकिङ्ग क्षमता रहनेछ। आयोजनाको डिजाइन डिस्चार्ज ३४ दशमलव एक घन मिटर प्रति सेकेन्ड रहेको छ भने ग्रस हेड ७५८ दशमलव नौ मिटर र नेट हेड ७३५ दशमलव छ मिटर रहेको छ।

नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता भइसकेको सो आयोजनाले विद्युत् उत्पादन अनुमति प्राप्त गरिसकेको छ। आयोजना आगामी पाँच वर्षभित्र सम्पन्न गरी २०८८ सालको असार ३१ गतेभित्र व्यावसायिक उत्पादन गर्ने लक्ष्यसहित अघि बढाइएको प्रवर्द्धक गुरागाईले जानकारी दिए।

आयोजनाबाट वार्षिक एक हजार २२ ९ दशमलव छ गिगावाट घण्टा विद्युत् उत्पादन हुने प्रक्षेपण गरिएको छ। उत्पादित विद्युत् आयोजनास्थलमै निर्माण गरिने २२० के.भी.को स्विचयार्डबाट ३० किलोमिटर लामो २२० केभी डबल सर्किट प्रसारण लाइनमार्फत राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको प्रस्तावित ४०० केभी बझाङ सबस्टेशनमार्फत राष्ट्रिय ग्रिडमा जोडिनेछ।

आयोजनाका लागि आवश्यक पहुँच सडकको कुल लम्बाइ २५ किलोमिटर हुनेछ। आयोजनाको प्रतिमेगावाट लागत करिब रू १९ करोड २५ करोड हुनेछ। आयोजनाको ३० प्रतिशत स्वपुँजी प्रवर्द्धक कम्पनी समृद्धि इनर्जी लिमिटेडले विभिन्न संस्थागत तथा व्यक्तिगत लगानीकर्तामार्फत संकलन गरिरहेको छ।

स्थानीय पूर्वाधार विस्तार, रोजगारी सिर्जना, ऊर्जा आत्मनिर्भरता र सुदूरपश्चिम प्रदेशको समग्र आर्थिक समृद्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षासहित माथिल्लो सेती जलविद्युत् आयोजना नेपालको जलविद्युत् विकासको इतिहासमा अर्को महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। आयोजना सम्पन्न भएपछि उज्यालो सुदूरपश्चिमको सपना साकार पार्न निर्णायक योगदान पुग्ने विश्वास गरिएको छ।

# अकबरेखेती गरेका किसानलाई बजारको चिन्ता

**म्याग्दी–** म्याग्दीको धौलागिरि गाउँपालिका-७ शिवाङका ओमराज मगर बारीमा लहलह फलेको अकबर खुर्सानी कहाँ लगेर बेच्ने भन्ने चिन्तामा छन्।

ओमराजले सञ्चालन गरेको धौलागिरि कृषि तथा पशुपंक्षी फार्मको छ रोपनी क्षेत्रफलमा फलेको अकबर खुर्सानी पाक्न थालेपछि उनी बजारको खोजीमा छन्। म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-९ बनौका निर्मल पुन पनि फार्ममा फलेको अकबर खुर्सानी बेच्न बेनी, बागलुङ र कुश्मा बजारमा भौतारिरहेका छन्। शिवाङका ओमराज र बनौका निर्मलको जस्तै बजार अभाव अकबर खुर्सानीखेती गरेका किसानको साझा समस्या बनेको छ। बनौं, शिवाङ र बेनी नगरपालिका-३ भकिम्लीमा अकबर खुर्सानीको व्यावसायिक खेती भएको छ।



'गत वर्ष परीक्षणका लागि लगाएको ९० वटा बिरुवाको अकबर बेचेर रु ३० हजार आम्दानी भएपछि यसपाली छ रोपनीमा १२ हजार बिरुवा लगाएको छु', उनले भने, 'स्थानीय बजार सानो छ। खपत थोरै हुन्छ। धेरै खपत हुने ठूला सहरका व्यापारी र अचार उद्योग सञ्चालकसँग सम्पर्क नहुँदा समस्या भएको छ।' यस क्षेत्रमा यसअघि व्यावसायिक अकबर खुर्सानीखेती भएका थिएन। घरायसी उपभोगका लागि मात्र अकबर खुर्सानीखेती गरेका थिए। बेनी, कुश्मा, बागलुङ र जोमसोमको बजारमा तराई र पूर्वी पहाडी जिल्लाबाट अकबर खुर्सानी आयात हुने गर्छ। आयातित खुर्सानीसँग प्रतिस्पर्धा गर्न नसक्नुपर्ने अर्को समस्या रहेको छ।

स्थानीय किसानहरूले रासायनिक मल र विषादीको विकल्पमा जैविक विधिबाट खुर्सानीखेती गरेका छन्। रोग र किराबाट बचाउन खिर्राको पात, तितेपाती, गाईभैंसीको गहुँतको प्रयोगका साथै झार उम्रिन नदिन 'मल्चिङ' प्रविधि प्रयोग गरेका छन्।

खुर्सानीको बोटभन्दा अन्य भागको जमिनमा झार पलाउन नदिन प्लास्टिकले छोपेर मल्चिङ गरिएको हो। प्लास्टिकले झार उम्रन नदिने र बिरुवाले पर्याप्त पोषकतत्व पाएर उत्पादन राम्रो हुने किसान ओमराजले बताए।

स्थानीय बजारमा अकबर खुर्सानीको मूल्य प्रतिकिलो रु २५० देखि रु ३०० छ। दिउँसो २२ देखि २५ डिग्री सेल्सियस र राति १५ देखि २० डिग्री सेल्सियस तापक्रम हुने उच्च पहाड र तराईको भूगोलमा अकबर खुर्सानीखेती गर्न सकिन्छ। तरकारी, दाल, अचारमा ताजा खुर्सानीको प्रयोग हुन्छ।

जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले अकबर खुर्सानीको बजारीकरणका लागि स्थानीय व्यापारीका साथै पोखरा, काठमाडौंका बजार र अचार उद्योगीलाई कृषकको सम्पर्कमा ल्याउन पहल गरिरहेको बताए। खुर्सानीखेतीका लागि मल्चिङ, खनजोत गर्ने उपकरण र रोगकिरा नियन्त्रणका लागि परामर्शका साथै प्राविधिक सहयोग गरेको उनले बताए। *रासस*

# लोथरमा पेट्रोलियम भण्डारण गृह

**चितवन (प्रस)–** यहाँको लोथर खोला र राप्ती दोभानको किनारमा पेट्रोलियम पदार्थ भण्डारण गृह निर्माण गरिने भएको छ। सो स्थानमा अमलेखगञ्ज-लोथर पेट्रोलियम पाइपलाइन विस्तार गरी भण्डारण गृह निर्माण गरिने भएको हो।

भण्डारण गृह बनाउन राप्ती नगरपालिका-१ मा २३ विगाहा १२ कट्ठा जमिन नेपाल आयल निगमले खरिद गरेर साइट अफिस सञ्चालनमा ल्याइसकेको छ। चितवन र मकवानपुर जोड्ने लोथर पुलबाट ७०० मिटर पश्चिम लोथर खोलाको बाँध सम्म नियमले जग्गा लिएको हो।

नेपाल आयल निगम र इण्डियन आयल कर्पोरेशनको सहकार्यमा रु १५ अर्ब लगानीमा अमलेखगञ्ज लोथर पेट्रोलियम पाइप लाइन तथा भण्डारण गृह निर्माण गरिँदै छ। आयल निगमले रु १० अर्ब र इन्डियन आयल कर्पोरेशनले रु पाँच अर्ब लगानी गरेर परियोजना सम्पन्न गर्न लागिएको हो। जग्गा खरिदमा रु ६० करोड खर्च भइसकेको छभने रु १० करोडमा थप जग्गा खरिद प्रक्रियामा रहेको आयोजनाले जनाएको छ।

आधुनिक प्रविधिबाट ग्रिनफिल्ड टर्मिनल निर्माण गर्न लागिएको हो। ६२ किलोमिटर लामो पाइपलाइन निर्माण गरी जुनसुकै बेला तीन हजार २०० किलोलिटर इन्धन क्षमताको भण्डारण गृह निर्माण गर्न लागिएको हो। वार्षिक दुई करोड टन इन्धन ढुवानी गर्न सक्ने क्षमताको पाइप लाइन बनाउन लागिएको हो। तीन वर्षभित्रमा काम सक्ने जनाइएको छ। सो भण्डारण गृह निर्माण गर्दा लोथर खोला र राप्ती नदीमा बलियो तटबन्धन निर्माण हुने स्थानीयवासीले आशा गरेका छन्। यससँगै रोजगारी प्राप्त हुने र व्यवसाय सञ्चालन गर्न सकिने उनीहरूको विश्वास छ।

स्थानीय यमनाथ भट्ट भण्डारण गृह बनेसँगै बाढीको जोखिम घट्ने, रोजगारी पाइने र व्यवसाय चल्नेमा विश्वस्त छन्। उनले भने, 'यो आयोजनाले हामी स्थानीयलाई फाइदा नै पुग्छ भन्ने आशामा छौं।' स्थानीय दीपक खड्काले आयोजना बनेसँगै कृषि उत्पादनले स्थानीय रूपमा बजार पाउने बताउँछन्। उनले भने, 'जे काम जानिएको छ, मिल्दो काम त्यहाँ पाउन सकिन्छ।' वडा अध्यक्ष सिद्धिलाल स्याङतान भण्डारण गृह बनेसँगै पूर्वी चितवन बाढीबाट सुरक्षित हुने बताए। उनले भने, 'यो चितवनकै गौरवको परियोजना हो, यसले दक्षता र क्षमता अनुसार स्थानीयलाई रोजगारी दिन्छ।'

दैनिक पाँच सयभन्दा बढी ट्यांकर ओहोरदोहोर गर्ने भएकाले यहाँका सानातिना होटल, रेष्टुरेन्ट, लजलाई फाइदा पुग्ने उनको भनाई छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ